वर्ष : १८, अंक : १७, काठमाडौं, २०७९ साउन २० गते शुक्रबार, 5 August 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## रम्भा कांग्रेस प्रवेश



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालकी नेतृ रम्भा मिश्रा नेपाली कांग्रेसमा प्रवेश गरेकी छन् । नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले नेतृ मिश्रालाई खादा ओढाइ पार्टीको सदस्यता प्रदान गरी पार्टी प्रवेश गराएका हुन् ।

हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा उनी वीरगन्ज महानगरपालिकाको उपमेयरका लागि स्वतन्त्र उम्मेद्वारी थिएकी थिइन् । लोसपाले टिकट नदिँदा उनले स्वतन्त्र उम्मेद्वारी दिएकी थिइन् । पार्टीले टिकट नदिँदा उनी लोसपाबाट अलग भएकी थिइन् । लोसपाले आफ्नो कार्यको उचित मूल्यांकन नगरेको आरोप लगाउँदे आएकी थिइन् ।

उनले यसअघि नै आफू लोसपाबाट अलग भएको मधेशवाणीसँगको अन्तर्वार्तामा भनेकी थिइन् ।

## आम चुनाव : मंसिर ४

काठमाडौं । सरकारले प्रदेश र प्रतिनिधि सभा निर्वाचन मंसिर ४ गते एकै चरणमा गर्ने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश र प्रतिनिधि सभा निर्वाचन मंसिर ४ गते गर्ने निर्णय गरेको हो । यसअघि बुधबार सत्तारुढ गठबन्धनका शीर्ष नेताहरु मंसिर ४ मा प्रदेश र प्रतिनिधि सभा निर्वाचन गर्न सहमत भएका थिए ।

## ‘मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ’ मा १० करोड ३३ लाख अनियमितता

# मधेश भवनमै भ्रष्टाचारको मुहान !

काठमाडौं । मधेश विद्रोहका बेला समग्र मधेशका प्रत्येक जिल्लाको सरकारी कार्यालयहरुमा नेपाल सरकारको ठाउँमा मधेश सरकार लेखिएको छ । मधेश सरकार भने अहिले आठ जिल्ला मात्र थिएन, जेजति भएपनि मधेशी आन्दोलनकारीहरुले आठ वटा जिल्लाको भएपनि मधेश प्रदेश स्वीकार गरे । तर संघीयताको जननी भनिएपनि जुन किसिमका क्रियाकलाप भइरहेको छ यसले आठ वटा जिल्लाका मधेशी मात्र नभएर विश्वमा छरिएर रहेका हरेक मधेशी मूलका नागरिक शर्मसार भएका छन् । जहाँबाट संघीयताको रोल मोडलको रुपमा काम हुनुपर्ने थियो त्यहाँ बेथिति र अनियमितताको बदनामी मधेशीहरुको टाउकोमा लागेको छ । मधेश आन्दोलन वा विद्रोह भनौं जसको पवित्र एजेण्डा थियो, जसका लागि सयौं मधेशीले सहादत दिए आज त्यो बलिदानी र सहादत आजको दिनका लागि पक्कै पनि थिएन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई मधेश भवन नामाकरण गरियो,प्रदेशको नाम पनि मधेश राखियो तर त्यसको आडमा यस्ता कुकृत्यहरु भएको पाइएको छ, जसबाट मधेशी समुदायको टाउको कलंकको टिका लागेको छ । सुरुमा अख्तियार दुरुपयोग अनुसन्धानको टोलीले छापा मार्दा षड्यन्त्र हो, विभेद हो भनेर हामी बुझेका थियौं तर जब सप्रमाणसहित जब विशेष अदालतमा मुद्दा नै दर्ता भयो, अब कसरी बचाउ गर्ने ? भ्रष्टाचार र अनियमितता समग्र विश्वकै एउटा ठूलो रोग हो तर एउटा परिवर्तन र निमुखा जनताको उन्मुक्तिका लागि राजनीति गर्ने दल नेतृत्व सरकार नै यस्तो कुकृत्यमा सामेल भएको प्रमाणहरु भेटिन थालियो भने मधेश र मधेशीको सपना कहिल्यै पूरा हुँदैन । केही नेताका लागि मधेश जनविद्रोह वा मधेश आन्दोलन भएको थिएन ।



मधेश सरकार भ्रष्ट हो भने छानबिन हुनुपर्छ : रुबी कुमारी कर्ण राज्यमन्त्री, मधेश प्रदेश

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका १० जना कर्मचारीविरुद्ध १० करोड ३३ लाख रुपैयाँ बिगो कायम गर्दै भ्रष्टाचार मुद्दा दायर गरेको छ । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको नाममा सञ्चालन गरिएको ‘मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ’ कार्यक्रम अन्तर्गत २७ हजार थान साइकल खरिद प्रकरणमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तत्कालीन प्रदेश सचिव यमप्रसाद भुसाल, सीडीई भगवान झा, उपसचिव दिलिप प्रधान र सहलेखापाल राजाराम मण्डलविरुद्ध १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ । कमसल खालको १७ हजार साइकल बुझेको तथा भुक्तानी गरेको भन्दै ती ३ जनाविरुद्ध मुद्दा दायर गरिएको हो ।

मुद्दामा गलत लिखतमा दाबी लिएको भन्दै भण्डार शाखाका जिन्सी शाखा प्रमुख अधिकृत छैठौं रामस्वार्थ मण्डल र भण्डार शाखाका खरिदार जीत मोहनकुमार दासविरुद्ध पनि १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो कायम गरी मुद्दा दर्ता गरिएको छ । सोही मुद्दामा साइकल आपूर्ति गर्ने कम्पनी ओम सत्यसाई प्रालि वीरगञ्ज पर्सा नामक आपूर्ति कम्पनी र कम्पनीका म्यानेजिङ डाइरेक्टर रेणु अग्रवालविरुद्ध पनि १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दर्ता गरिएको छ ।

मूल्यांकन समितिमा बसेर गलत लिखत प्रतिवेदन दिएको भन्दै ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरिएको छ । उपसचिव दिलिप प्रधान, सीडीई भगवान झा, शाखा अधिकृत सुरेन्द्रकुमार कर्ण र सहलेखापाल राजाराम मण्डलविरुद्ध मुद्दा दर्ता गरिएको छ । ती चारै जनाले दोस्रो पटक १० हजार थान साइकल खरिद गर्न नपाउने फर्मलाई मापदण्ड पुगेको भन्दै गलत लिखत प्रतिवेदन तयार गरेको आरोपमा मुद्दा दर्ता गरिएको छ ।

मधेश प्रदेश सरकारले कार्यक्रमअन्तर्गत २ चरणमा गरी २७ हजार साइकल खरिद गरेर वितरण गरेको थियो । त्यसक्रममा १ चरणमा १० र अर्को चरणमा १७ हजार

बाँकी अन्तिम पृष्ठमा

## हुलाकी सडक निर्माण सुस्त

काठमाडौं । सर्लाहीमा पर्ने हुलाकी सडक खण्डको निर्माण सुस्त भएको छ ।

निर्माण सुरु भएको वर्षौं भइसक्दा पनि काम सम्पन्न नहुँदा बनेका सडक पनि अहिले जीर्ण भइसकेका छन् ।

जीर्ण सडकको स्तरोन्नतिसमेत नहुँदा स्थानीय हिउँदमा धुलो र वर्षामा हिलोको सास्ती खेप्न बाध्य भएका छन् । राणाकालीन समयमा चिठीपत्र पुर्‍याउने ‘हुलाकी’ कुद्ने भनेर रेखाङ्कन गरिएको पूर्वदेखि पश्चिम जोडिने ‘हुलाकी सडक’ निर्माण सुरु भएको लामो समय भइसक्दा पनि निर्माण सम्पन्न नहुँदा स्थानीय समस्यामा परेका छन् ।

तत्कालीन राजा महेन्द्र शाहले हुलाकी सडकलाई प्राथमिकतामा नपारी मधेशको बस्तीभन्दा २०-३० किलोमिटर उत्तर चुरेछेउमा जङ्गल फँडानी गरेर पूर्व-पश्चिम लोकमार्ग निर्माण अघि बढाएपछि हुलाकी सडक निर्माणको काम ओझेलमा परेको थियो । यसयता पनि मधेशको जीवनस्तर बदल्ने महत्वपूर्ण मार्गका रूपमा मानिएको सो सडक सरकारी प्राथमिकतामा पर्न सकेको छैन/ ।

हुलाकी सडक स्थापनापश्चात् चार शासन व्यवस्था फेरिएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा पनि सडक निर्माणले तीव्र गति नपाउनु मधेसका लागि दुर्भाग्य हो । कूल ४० दशमलव ३७ किलोमिटर हुलाकी सडक निर्माण गर्न रु ६४ करोडमा पाँच वर्षभित्र हुलाकी सडक कालोपत्र सक्ने गरी हिन्दुङ्ग एन्ड ठोकर हिरा एन्ड नमीता जेभी/हिन्दुङ्ग एन्ड ठोकर शाहा निर्माण सेवा र दिवा निर्माण सेवालाई २०७३ सालमा तीनवटा प्याकेजमा ठेक्का लागाइएको थियो/ ।

हालसम्म निर्माण कम्पनीले करिब ३२ करोड रकम लगिसके भए पनि सडकको अवस्था उस्तै छ/ । गोडैता नगरपालिकाका स्थानीय कपिल महतोले सडकको दुरवस्थाका कारण यस भेगका नागरिकले सधैँ सास्ती व्यहोरिरहेको गुनासो गरे । "आफूहरूका लागि हुलाकी सडक नै मुख्य सडक हो, जहाँ गए पनि हुलाकी सडक भएरै जानुपर्छ तर सडक निर्माणको काम सुस्त छ कतै निर्माण भइसकेको सडक जीर्ण भइसकेको छ", उनले भने ।

"बाल्यकालदेखि देख्दै आएको सडकको अवस्था जस्ताको त्यस्तै छ, हिउँदमा धुलोको मार खेप्दै आएका आफूहरु वर्षा लागेपछि हिलाम्ये बाटो हिंड्न बाध्य भएका", उनले भने । हुलाकी सडकलाई मधेसको ‘लाइफलाइन’ मानिए पनि मधेसको पुस्ता परिवर्तन भए पनि सडकको अवस्था भने नफेरिएको स्थानीयले बताएका छन् । जिल्लाका सरोकारवालाहरुले पटक पटक बैठक बसी हुलाकी सडक निर्माणको ठेक्का पाएका निर्माण कम्पनीहरुलाई ताकेता गरि रहेका भए पनि ठेकेदारले बेवास्ता गरेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिए ।

## मधेशको शैक्षिक अवस्था किन खस्किँदै ?

‘मधेशमा शिक्षाको खस्कदो अवस्था सुधार्न सामाजिक स्तरमा मधेशीहरु एकजुट हुनुपर्छ’ काठमाडौं, साउन १४ गते । मधेशी एकता समाजले बिहीबार काठमाडौंमा मधेशमा शिक्षा भन्ने विषयमा अन्तरक्रिया आयोजना गर्‍यो । कार्यक्रममा प्राध्यापक प्रमोद मिश्र, शिक्षाविद् विनय कुसियैत, अधिवक्ता मोहना अन्सारी, अनुसन्धानकर्ता डा. सोहन साह, अधिकारकर्मी रामसुफल सदाय, दलित अभियन्ता संजय पासी र लेखिका रीता साह वक्ताको रुपमा सहभागी थिए ।

वक्ताहरुले जनक, बुद्ध र गार्गीको भूमि भनेर चिनिने तराईमधेश शिक्षामा पछाडि पर्दै जानु चिन्ताको विषय रहेको बताए । शिक्षाको अवस्था चिन्ताजनक हुनुमा राज्य र समाज दुबै दोषी रहेको उनीहरुको भनाइ थियो ।




प्रोफेसर प्रमोद मिश्रले मधेशमा शिक्षाको अवस्था सहरभन्दा ग्रामीण भेगमा भयावह रहेको बताए । उनले कथित तल्लो जातिहरु अर्थात् दलित समुदायको बसोवास भएको ठाउँमा शिक्षाको अवस्था झनै खराब रहेको जनाए ।

भाषा र जातिले पनि शिक्षाको स्तरमा निकै प्रभाव पार्ने भएकोले दलित समुदायको बसोवास भएको ठाउँमा अम्बेडकर पाउनुपर्ने उनको भनाइ छ ।

यस्तै, शिक्षाविद् कुसियैतले मधेशमा शिक्षाको स्तर उकास्न प्राथमिक शिक्षामा सुधार आवश्यक रहेको बताए ।

संघीय सरकारले मधेशको शिक्षामा अझ सकारात्मक भूमिका खेल्न सक्ने भन्दै उनले देशैभरि शिक्षामा क्रान्ति ल्याउन प्रदेश सरकारलाई थप अधिकारसम्पन्न बनाउनुपर्ने बताए ।

अधिकारकर्मी एवं अधिवक्ता मोहना अन्सारीले मधेशमा मुस्लिम समुदायको शिक्षाको स्तर दलित समुदायभन्दा पनि दयनीय रहेको

बाँकी अन्तिम पृष्ठमा



उपेन्द्र यादव

हाम्रो लडाइँ सामाजिक लोकतन्त्र पनि हो

विस्तृत पृष्ठ ६ मा

## मधेश प्रदेशका मुख्यमन्त्रीलाई खुल्लापत्र

माननी यमुख्यमन्त्री ज्यू
मधेश प्रदेश, जनकपुरधाम, नेपाल

माननीय मुख्यमंत्री ज्यू, म यस प्रदेशको जागरूक युवा नागरिकसँगै मधेश अधिकार सुनिश्चितताका लागि दोश्रो मधेश आन्दोलनमा मधेश अधिकार संघर्ष समितिका संयोजक रही आन्दोलनको उद्घोष गरी आन्दोलनमा अग्रणी एवं अपूरणीय योगदान दिएका युवाहरु मध्येका एक युवा छु ।

हजारौं हजार युवाहरुले गरेको संघर्ष, प्रतिकार, विरोध र राज्यको दमन, सोशन, अंगभंग र हत्याको शिकार भएर प्राप्त गरेको अधिकारसँगै संघीयता माथि तपाइहरुकै कारण बढ्दो अविश्वास एवं खतरालाई सहन नसकेर यो पत्र लेख्न बाध्य भएको छु ।

माननीय मुख्यमन्त्रीज्यू तपाइँको हालसम्मको कार्यकालमा तपाई लगायत जति पनि मन्त्री, राज्यमन्त्री हामी प्रदेशबासीले पायौ प्रायःले यस प्रदेश र प्रदेशको नागरिकलाई सर्मिन्दा गर्नुको साथै संघीयतालाई बदनाम गरि निहित स्वार्थ पूर्ति गर्ने पात्र नै पाएका हौं ।

यस प्रदेशले उपलब्धिभन्दा बढी घाटा ब्यहोर्नु परेको यथार्थ छ ।

तपाइँको कार्यालयमार्फत् संचालित स्वच्छता अभियान होस् अथवा बेटी बचाऊ बेटी पढाउ अभियान वा कुनै योजना सबैमा ब्यापक अनियन्त्रित, अनियमितता र बदनामी खेप्नु परेको यथार्थ प्रमाण भर्खरै अख्तियारले गरेको उजुरी एवं कारबाहीले प्रष्ट हुन्छ ।

मुख्यमन्त्री जस्तो गरिमामय पदमा बसेर पटक-पटक तपाइँको मुखारबृन्द मार्फ़त बिभिन्न संचारमाध्यममा तपाइँले दिएको अभद्र अपशब्द युक्त अभिब्यक्ति, जसले हाम्रो शिष्टाचार माथि नै प्रश्न खड़ा गरेको छ । तपाइँलाई लज्जा र शर्म नहुनुको कारण के ?

बिभिन्न मन्त्रालयले आफूखुसी गरिरहेको मनोमानी माथि अभिभावक भएर पनि अंकुश लगाउनन सक्ने क्षमता भएको तपाइँ जस्तो ब्यक्ति के खान मुख्यमन्त्रीको पद ओगटेर बस्नु पर्यो र हामीले तपाइँलाई स्विकार्नु पर्ने नै बाध्यता के ?

माननीय मुख्यमन्त्रीज्यू श्रीलंकामा जस्तै तपाइँहरु जस्तो नामुद भ्रष्ट जनप्रतिनिधि नेताहरू विरुद्ध जनता सडकमा ओर्लेर संघर्षमार्फ़त् सदन छोड्न बाध्य बनाए त्यसरी नै तपाइँहरुको कुकृतिले हामी प्रदेशबासी बाध्य हुन लागेका हौं ।

तपाइँहरूको आचरणमा सुधार आउने कुनै सुइको देखा परेन र पर्दैन पनि तसर्थ आज म यो सुझाव दिन खुल्लापत्र लेखेको छु ।

आफ्नो तामझामसहित राजीनामा गरी हामी प्रदेशवासीलाई संघर्षले प्राप्त गरेको संघीयता र अधिकारबिहीन बनाउनबाट बंचित गर्नुको साथै भ्रष्ट प्रदेशको नागरिकको उपाधिबाट यथाशीघ्र मुक्त गर्नुस् । अन्यथा संघीयताको रक्षासँगै प्रदेशको समृद्धिका निम्ति हामी युवाहरु एकजुट भइ तपाइँहरु विरुद्ध जानुको विकल्प छैन ।

माता जानकीले तपाइँ लगायत तपाइँका मन्त्रिमण्डलका सदस्य पदाधिकारीहरूलाई सद्बुद्धि दियोस् ।

सरोज कुमार मिश्र (मास)
जनकपुरधाम, मधेश प्रदेश, नेपाल

## सम्पादकीय

# यसरी नमुना प्रदेश बन्छ ?

संघीयताको जननी भनिने तराई-मधेशका आठ जिल्ला समेटिएको मधेश प्रदेश अहिले बदनाम र शर्मसार भएको छ। प्रदेशको कार्यकारी संस्था मुख्यमन्त्री कार्यालय नै भ्रष्टाचारको अडड्ाको रुपमा परिणत भएको छ। मधेश प्रदेशमा बेटीको नाममा पनि करोडौं भ्रष्टाचार भएको भन्ने खालका समाचारहरु सञ्चारमाध्यमदेखि लिएर सामाजिक सञ्जाल लगायतमा छ्यापछ्याप्ती देखिन्छ। मधेश सरकारको मुख्यमन्त्री कार्यालयअन्तर्गत मुख्यमन्त्री मो.लालबाबु गद्दीकै अगुवाई मधेशका छोरीको नाममा वितरण गरिएको साइकलमा १० करोड ३३ लाख रुपैयाँको अनियमितता भएको भन्दै विशेष अदालतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ। यसअघि अख्तियारले साइकल खरिदमा अनियमितता भएको भन्दै मुख्यमन्त्री कार्यालयमा छापामारी साइकल खरिदसम्बन्धी सम्पूर्ण कागजात नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो। अनुसन्धानमा अनियमितता भएको प्रमाणसहित अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। त्यतिबेला अख्तियारले छापा मार्दा संघीयता खतरामा पर्‍यो, षड्यन्त्र भयो भनी मुख्यमन्त्रीले सार्वजनिक अभिव्यक्ति दिएका थिए। मुख्यमन्त्री आबद्ध जनता

> प्रदेशले भ्रष्टाचार नियन्त्रणका लागि जनलोकपाल गठन गरेको छ तर यसको कार्यान्वजनमा शंकै उठेको छ। किनभने प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयभित्रैबाट भ्रष्टाचारको अड्डा बनेको छ।

समाजवादी पार्टी नेपालका नेता कार्यकर्ताले अख्तियारको विरुद्धमा नारा जुलुससमेत लगाएका थिए। तर अहिले प्रमाणसहित नै अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गर्दा मुख्यमन्त्री वा सम्बन्धित पार्टीका नेताहरु मौन देखिएका छन्। यसअघि वि.सं. २०७७ पुस २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको २९औं वार्षिक प्रतिवेदनमा बढी भ्रष्टाचार हुने प्रदेशमा तत्कालीन प्रदेश २ देखिएको भनेको थियो। प्रतिवेदनअनुसार प्रदेशमा २१ दशमलव ५० प्रतिशत भ्रष्टाचार तथा भ्रष्टाचारजन्य गतिविधि भएको उल्लेख छ। धेरै भ्रष्टाचारको उजुरी पर्ने प्रदेशका रूपमा देखिएको पनि तत्कालीन प्रदेश २ देखिएको थियो। आयोगका अनुसार देशभरिका कुल भ्रष्टाचारका उजुरीमध्ये तत्कालीन प्रदेश २ बाट मात्र झन्डै एक चौथाइ उजुरी पर्ने गरेका छन् भने प्रदेश तथा स्थानीय तहसम्बन्धी उजुरी (एक तिहाइभन्दा बढी) पनि अगाडि देखिएको थियो। यसले मधेश प्रदेशमा भ्रष्टाचार बढेको इंगित गर्छ। भ्रष्टाचार एउटा जटिल सामाजिक राजनीतिक र आर्थिक समस्या हो। भ्रष्टाचारले लोकतन्त्रका मूल्य, मान्यता, नैतिकता, न्याय, कानुनको शासन तथा विश्वकै अर्थतन्त्रलाई धराशयी बनाउँछ। यसले कुनै समाज, देश मात्र नभएर सम्पूर्ण विश्वलाई नै आक्रान्त बनाएको छ। संघीयताको जननीभित्र भ्रष्टाचारले जरो गाडेको छ। यसका नियन्त्रणका लागि प्रदेश सरकार असफल भएको छ। प्रदेशले भ्रष्टाचार नियन्त्रणका लागि जनलोकपाल गठन गरेको छ तर यसको कार्यान्वजनमा शंकै उठेको छ। किनभने प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयभित्रैबाट भ्रष्टाचारको अड्डा बनेको छ। मधेश प्रदेश सरकारको लोकप्रिय कार्यक्रम 'बेटी पढाऊ, बेटी बचाऊ' अन्तर्गत खरिद गरिएको साइकलमा अनियमितता भएको भन्दै विशेष अदालतमा मुद्दा परेपछि देश नै तरंगित भएको छ। संघीयता, समावेशिता, सुशासन, समृद्धिको नारा दिएको मधेश सरकारले कस्तो प्रदेश निर्माण गर्न खोजिरहेको छ भन्ने गम्भीर प्रश्नचिन्ह लागेको छ।

# परिवर्तनका चाहना बोकेका युवाहरू

**विचार - विश्लेषण** भाग-१४५



उपेन्द्र झा

> गतिहीनताको जुन अवस्थामा देशलाई राख्ने चेष्टा गरिएको छ, त्यो अवस्थामा देश अब रहन सक्दैन। विषम परिस्थितिले परिवर्तनको ठूलो आँधी तुफान ल्याउने सम्भावना बढ्दै गएको छ। सवाल उठ्दछ - यो परिवर्तनलाई नेतृत्व गर्ने कसले ? अहिले राजनीतिमा वर्चस्व कायम राख्ने रुग्न मानसिकताका सनातनी शक्तिहरुको देशभरि संगठन रहेकोले परिवर्तनको श्रेय पुनश्च: यही शक्तिले लिने सम्भावना बढी छ।

दयनीय अवस्थामा गएको अर्थतन्त्रलाई प्रगतिको बाटोमा ल्याउने, राजनीतिमा रहेको अराजकता हटाएर जनताप्रति उत्तरदायी बनाउने, सामाजिक अराजकताले बलात्कार, हत्याहिंसा, महँगी बढाएकोलाई रोक्ने, राजनीतिमा व्यक्तिको बर्चस्वलाई अन्त गर्ने, संस्थागत भ्रष्टाचारलाई निर्मुल गर्ने, देशलाई उत्पादनशील बनाउने आदि स्थापित हुनु पर्ने परिवर्तनका मुख्य बून्दा कार्यान्वयन गराई देशलाई अधोगतिबाट बाहिर निकाल्ने प्रगतिशील युवाहरुको चाहना हो।

देशलाई गतिशील बनाउने सोचको विपरित राजनीतिक नेतृत्व सम्हालेका केही व्यक्तिहरुले निजी स्वार्थ पूरा गर्ने उद्देश्यले बनाएको प्रशासनिक संरचनाले देशहितको काम कम व्यक्तिहितको काम बढि गरेकाले देशको अवस्था बिग्रिदै गयो। देशको आर्थिक दुरावस्था माथिल्लो स्तरमा सीमित रहँदासम्म जनताको जानकारीमा आउन सकेन। महँगाईको मार, करको बोझ झेल्दै जनताले देशको जर्जर अवस्था थाहा पाए। आफ्नो कार्यकाल पूरा नगर्दै सरकार बदलिने प्रक्रिया देशमा सुधारका लागि नभई प्रतिपक्षलाई कमाउने अवसर दिने प्रक्रिया हो भनेर आम जनताले थाहा पाए। स्वार्थमा लिप्त भएर देशलाई श्रीलंकाको अवस्थामा पुर्‍याउने राजनीतिक नेतृत्वकर्ताहरुको विरुद्ध आवाज उठाउने युवाहरु अगाडि आए।

स्थानीय चुनावमा स्वतन्त्र रुपमा चुनाव लड्न आउने युवाहरु देशलाई यथास्थितिबाट निकाल्ने आकाँक्षा लिएर अगाडि आएका हुन्। देशको कतिपय ठाउँमा स्वतन्त्रसंग मतदाताले स्वरमा स्वर मिलएका पनि हुन्। काठमाण्डौंमा शीर्ष दलहरुलाई चुनौती दिंदै मतदाताले स्वतन्त्र व्यक्तिलाई मेयर पदमा जिताएर दलहरुप्रतिको आफ्नो वितृष्णा प्रकट गरेका हुन्। लामो समयदेखि नेतृत्वकर्ताको पथभ्रष्टताबाट आक्रोशित कतिपय ठाउँका उम्मेदवार र मतदाताको स्वार्थ मिलेर सफलता प्राप्त पनि भएको छ। तर यो उपलब्धि उदाहरणको लागि मात्र भयो। यसले देशमा आमूल परिवर्तन ल्याउन सक्दैन।

तीन दशकदेखि राज्यसत्तामा अधिपत्य जमाएका नेपाली काँग्रेस, नेकपा एमाले राज्य संयन्त्रलाई आफ्नो कब्जामा राखेर सेवा लिई रहेका छन्। जनयुद्ध उठाएर हिस्सेदारी माँग्न आएका माओवादी पनि परिवर्तनको चाहना छाडेर यही शक्तिसंग मित्रता जोडेर बसे। माओवादी तेश्रो शक्तिको रुपमा स्थापित भयो। राज्यसत्तामा मिसिन आएका माओवादी काटछाँटमा नपरेको भए ठूलै शक्तिको रुपमा उदाएका थिए। संविधान सभाको पहिलो चुनावमा प्रत्यक्ष तर्फ २३९ सीट ल्याएर नेपाली काँग्रेस र एमालेको सनातनी अहंकारलाई तोडेको थियो। राज्यसत्तामा आमूल परिवर्तन गर्ने आँट लिएर आएका माओवादी विस्तारै राज्यसत्ताको कोपको भाजन हुन पुगे। माओवादी पार्टी विभाजन गरेर, नेताहरुमा पारस्परिक वैमनष्यता उत्पन्न गराएर, काटछाँट गरि सानो आकारको तेश्रो शक्तिको रुपमा राख्न उचित हुने ठहर अनुसार माओवादी राज्यसत्ताको नियति भोग्न बाध्य भयो।

सनातनी सामन्ती चरित्र बोकेका राज्यसत्तालाई संघीय लोकतान्त्रिक गणतन्त्रको आवरण लगाएर संरक्षित गरेका नेपाली काँग्रेस र एमाले देशमा आमूल परिवर्तन गर्न चाहने शक्तिलाई नै रुपान्तरण गरि दिने क्षमता राख्दछ। देशभरि विशाल संगठन भएको माओवादीलाई निस्तेज पारेर तेश्रो शक्तिको रुपमा गुलाम बनाएर राख्नु सहज कुरा होइन। पीडित पक्ष तथा अन्य सहयोगी शक्ति कसैलाई थाहै नदिई मित्रतापूर्ण प्रहारबाट माओवादी शक्तिलाई नियन्त्रणमा लिएको यथार्थलाई माओवादले आफ्नो नियति बुझ्यो। यसरी परिवर्तनको ठूलो प्रयासको क्रमिक रुपले अवसान भयो। लघुताभासमा माओवादीको देश बनाउने त्यो आकाँक्षा हराएर यथास्थितिलाई स्वीकार गरि सकेको छ। शासन प्रणालीका विधी र पद्धति स्थापित गर्न सनातनी शक्तिको मनोकाँक्षा अनुरुप सघाएको प्रचण्ड अहिले महँगो चुनावी प्रणालीको विरोधमा बोल्न थालेको छ। यस्तो चुनावी प्रणालीबाट त तस्कर, माफियाहरु मात्र नीति निर्माणको तहमा जान्छन् भने देशको कल्याण कसरी हुन्छ।

परिवर्तनको आवाज उठाउने मधेशसंग पनि राज्यको त्यस्तै व्यवहार भयो। मधेशको संघीयताको माँग स्वीकार गरि आफ्नो मूल गेटमा झुण्ड्याएर मधेशको पार्टीहरुलाई पनि तोडफोड गरि आफ्नो सेवामा ल्याई राखे। परिवर्तनका ती क्रान्तिकारी विचारहरु त्यागेर यथास्थितिमा विधी र पद्धति अनुसार नै चल्ने आफ्नो सिद्धान्त बनाएका छन्।

जनताको सुख सुविधाका लागि राम्रो काम गरेर देखाउने आकाँक्षा लिएर जितेका धरान नपाका मेयर हर्क साम्पाङ्ग दलीय प्रताडनाको शिकार हुन पुगेका छन्। मेयरको विरोधमा नगरपालिकाको मूलगेटमा रहेको बोर्ड तोडफोड गर्न गएकाहरु सामान्य व्यक्ति त होइन होला। त्यस्तै काठमाण्डौंको मेयर बालेन शाहको पनि अवस्था छ। साझा विवेकशील पार्टीको अध्यक्ष रविन्द्र मिश्र पनि अनेक बाधा व्यवधानमा परेर अध्यक्ष पदबाट राजीनामा नै गर्नु पर्‍यो। मधेशलाई अलग गर्ने क्रान्तिकारी विचार बोक्ने सी के राउत हाल ओशो तपोवनमा दीक्षा लिएर आध्यात्मवादी बनेका छन्। नयाँ जोश, जाँगरका साथ रवि लामिछाने नेपाल स्वतन्त्र पार्टी लिएर मैदानमा उत्रेका छन्।

कण कणमा परिवर्तन गराउने प्राकृतिक नियम अनुसार यहाँ पनि परिवर्तन अवश्यम्भावी छ। देशको जीर्ण अर्थ व्यवस्था, कण कणमा व्याप्त भ्रष्टाचार, अवसरविहीन तर महँगाईको मार झेली रहेका जनताको क्रन्दन, सामाजिक अराजकता, दण्डहीनताको अवस्था, पंगु न्याय प्रणाली तथा असन्तुलित कूटनीतिक सम्बन्धले परिवर्तनको द्वार खटखटाई रहेको छ। यसै प्रसंगमा एउटा कथा छ - एउटा लकडहारा दाउरा लिन जंगल पसेछ। एउटा रुख काट्दा काट्दै ऊ थाक्छ। बञ्चरोको एउटा प्रहार दिन नसकेर ऊ घर फर्क्यो। अर्कोले आएर एक प्रहारमा रुख ढाल्यो। सफलताको यश अरुको हात लाग्यो। परिणामका लागि निरन्तर प्रयत्नशील रहने आँट हुनु पर्दछ।

सबै समस्यालाई यथावत राखी निर्विकल्प शक्तिको रुपमा राजनीतिमा वर्चस्व कायम राख्ने शक्तिहरुको राजनीतिक धरातल हल्लिएको अनुभूति नहुनु आश्चर्यको कुरा हो। गतिहीनताको जुन अवस्थामा देशलाई राख्ने चेष्टा गरिएको छ, त्यो अवस्थामा देश अब रहन सक्दैन। विषम परिस्थितिले परिवर्तनको ठूलो आँधी तुफान ल्याउने सम्भावना बढ्दै गएको छ। सवाल उठ्दछ - यो परिवर्तनलाई नेतृत्व गर्ने कसले ? अहिले राजनीतिमा वर्चस्व कायम राख्ने रुग्न मानसिकताका सनातनी शक्तिहरुको देशभरि संगठन रहेकोले परिवर्तनको श्रेय पुनश्च यही शक्तिले लिने सम्भावना बढी छ। संविधान सभामा पनि अधिकारवादीहरुलाई पन्छाएर यही शक्ति परिवर्तनको फल खान अगाडि आएका थिए। खाए पनि। त्यसकारण परिवर्तनशील शक्तिहरु संगठित भएर अगाडि आउनु पर्‍यो। आकाँक्षा मात्र राखेर केही हुँदैन।

janukjha24@gmail.com

# प्रधानमन्त्रीलाई हिन्दू परिषद्को ज्ञापन

सम्माननीय प्रधानमन्त्री ज्यू,

देशम धर्म निरपेक्षता सहितको संविधान लागू गरेपछि मात्र ओमकार परिवारका व्यक्तिसँग बदमासी र आस्था केन्द्र माथि धावाबोल्ने कार्य भइरहेको छ। विश्वसामु रहेको नेपालीहरुको पहिचान पनि खोसियो। मुलुकमा आज जबरजस्ती धर्म परिवर्तन, गौ हत्या र तस्करी, जल-जमीनमाथि विदेशीको कुदृष्टि एवं कब्जा, मौलिक नेपाली संस्कृतिमाथि आक्रमण, अनावश्यक रुपमा इसाई र इस्लामिक देशको प्रभाव बढाइनु हाम्रो लागि राम्रो संकेत होइन एवं हिमाल, पहाड, तराई-मधेशमा सदियौंदेखि मिलेर बसेको नेपाली समाजलाई उग्र जातिवाद, छुवाछुत, विभेदको नाममा NGO/INGO को माध्यमबाट तोड्ने कार्य हुँदैछ। दुर्भाग्य नै भन्नुपर्दा हरेक कार्यको साक्षी नेताहरु नै रहेका छन्। देशको राष्ट्रिय अखण्डता, स्वाधीनता, एकता, समृद्धि, पहिचानसँगै सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्ने सेतु हो हिन्दू राष्ट्र नेपाल। आज विश्वका हरेक देशमा आफ्नो धर्म छ र त्यो मुलुक आफ्नो धर्मको नामले चिनिन्छ। हाम्रो बुझाई यो छ कि हामी नेपालीमाथि जबरजस्ती धर्म निरपेक्ष लादिएको हो। राष्ट्र र धर्मलाई बचाउन एवं नेपालीको पहिचान स्थापित गराउन हिन्दू परिषद् नेपाल संघर्षरत रहेको छ। देशलाई समृद्धि, शान्त, आपसी एकता, अखण्डता, राष्ट्रियता, मजबुत बनाउनको लागि सुझावसहित हामीले मुलुकको एउटा जिम्मेवार संगठनको नाताले सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष जानकारी गराउँदछौं।

**हाम्रा मागहरु:**

१) सनातन हिन्दू राष्ट्र नेपाल कायम गरियोस्।

२) जातीय र धार्मिक आयोग खारेज गरियोस्।

३) हरेक क्षेत्रमा क्षमतावानलाई प्राथमिकता दिइयोस्।

४) धर्म परिवर्तन पूर्णरुपमा बन्द गरियोस् एवं धर्म परिवर्तन गराउनेलाई १० वर्ष कैद एवं देश निकालाको व्यवस्था लागु गरियोस्।

५) गौ हत्या एवं तस्करी पूर्णरुपमा बन्द गरियोस्।

६) षड्यन्त्रपूर्वक बन्द गरिएको संस्कृत शिक्षा पुन: सञ्चालन गरियोस्।

७) हरेक जिल्लामा एउटा गुरुकुल र गौशाला सरकारीस्तरबाटै स्थापना गरियोस्।

८) हरेक देशले भगाएका रोहिंग्या मुसलमानलाई देश निकाला गरियोस् एवं नेपालमा चोरबाटो आउने कार्य पूर्णरुपमा बन्द गरियोस्।

९) मठ, मन्दिर एवं धार्मिकस्थल वरिपरि पूर्णरुपमा माछा, मासु र मदिरा पसल बन्द गरियोस्।

१०) दीर्घकालीन योजनाअनुरुप सानो परिवार सुखी परिवारको अवधारणा लागू गरियोस्।

११) स्कुल, कलेज एवं अन्य शैक्षिक क्षेत्रमा कुनै धर्म विशेषको पहिरन बन्द गरियोस्।

१२) बलात्कारी र देशद्रोहीलाई फाँसीको व्यवस्था लागू गरियोस्।

१३) मठ, मन्दिर एवं धार्मिक क्षेत्रका सम्पत्ति सामाजिक कार्यमा लगाउँदा स्थानीय सरोकारवालासँग समन्वय र सहकार्य गरियोस् तर जग्गा बिक्री वितरण पूर्णरुपमा रोक लगाइयोस्।

१४) धार्मिक गुरु, महन्थ एवं अभियन्ताहरुको सुरक्षा ग्यारेन्टी गरियोस्।

१५) राष्ट्रगुरु योगी नरहरिनाथलाई विभूति घोषणा गरियोस्।

१६) दोहोरो नागरिकता फेला परेको खण्डमा त्यो व्यक्तिको सम्पूर्ण सम्पत्ति जफत गरियोस्।

१७) राजनीतिक दलमा पनि जातीय, धार्मिक एवं समाज विखण्डित गर्ने कमिटी गठन गर्ने प्रक्रिया बन्द गरियोस्।

१८) कुनै सम्झौता गर्दा राष्ट्र, जनता र धर्मलाई हानी नहुने कार्य गर्न अनुरोध गर्दछौं।

१९) सनातन धर्म रक्षा एवं ओमकार परिवारको एकता एवं संस्कृति मजबुतीका लागि राज्यस्तरबाटै कार्यक्रम लागू गरियोस्।

२०) महिला, बालबालिका एवं समुदाय विरुद्ध हुने सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्ने व्यवस्था लागू गरियोस्।

२१. धार्मिक स्थलमा राजनीतिक नियुक्ति बन्द गरियोस् एवं जानकी मन्दिर, देवघाटधामसहित अन्य प्रमुख धार्मिकस्थललाई विश्व सम्पदा सूचीमा राख्ने व्यवस्था तयार गरियोस्।

उल्लेखित मागहरु पूरा गर्न सम्मानीय प्रधानमन्त्री समक्ष जोडदार माग गर्दछौं। उक्त मागहरु पूरा नगरिएमा देशव्यापी जनजागरण, भण्डाफोर एवं जनसंघर्षका कार्यक्रम गर्न बाध्य हुने व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यूमा जानकारी गराउँदछौं।

सम्पूर्ण नेपालीहरुको जय होस्।

# मधेश सरकार भ्रष्ट हो भने छानबिन हुनुपर्छ

मधेश सरकार भ्रष्ट भएको हो भने त्यसको छानबिन हुनुपर्छ । प्रमाणित गरोस् । हामीले भ्रष्टाचार भएको देखेका छौनौं । हामीले कानुनसम्मत काम भएको कुरा देखिरहेका छौं । भ्रष्टाचार गरका छौं कि छैनौं भन्ने कुरा छुट्याउन सकेका छैनौं । सम्बन्धित निकायले छानबिन गरोस् ।



**रूवीकुमारी कर्ण**

**राज्यमन्त्री, गृह तथा सञ्चार, मधेश प्रदेश**

**० संघीय सरकारविरुद्ध आन्दोलन गर्ने तयारी किन गर्नुभएको हो ?**

– पटक-पटक आन्दोलनपछि यो देशमा संघीयता आएको हो । तर, संघीयता कार्यान्वयन गरी आवश्यक हक अधिकार संघीय सरकारले दिएको छैन । हामी आफ्नो अधिकारका लागि सबै किसिमको संघर्ष गर्दै आएका छौं । अहिले त खासगरी मधेश प्रहरीको कुरा छ । प्रदेश प्रहरी नहुँदा हामीलाई समस्या भएको छ । प्रहरीसम्बन्धी ऐन आइसक्दा पनि प्रहरी समायोजन गर्न संघीय सरकार आनाकानी गरिरहेको छ । त्यसैले मधेश सरकारले संघर्ष गर्नुपर्ने देखिएको छ । संघीय सरकारकै कारण आफूहरू संघर्षमा जाने तयारी गरेका छौं ।

**० तपाईंहरूको कार्यकाल पनि केही महिनापछि सकिँदैछ । चुनावको मिति पनि घोषणा भइसकेको छ । यस्तो बेला संघर्ष किन गर्नुपर्‍यो ?**

– आफ्नो अधिकारका लागि जहिले पनि संघर्ष गर्नुपर्छ । जसले अधिकारका लागि बोल्न र लड्न सिकेका छन् उनीहरूले संघर्ष गर्छ । चुनाव भएर के हुन्छ । संघीय सरकारले सहज रूपमा अधिकार दिए भइहाल्यो नि । हामीले चुनाव बिथोल्न खोजेको पनि होइन । हामीले एक दिन भए पनि आफ्नो अधिकारका लागि लड्ने छौं ।

**० प्रदेशसभाबाट एक वर्षअघि नै प्रहरी ऐन आइसकेको हो । यतिका समयसम्म तपाईंहरूले केही गर्नुभएन । अनि अहिले चुनावका बेला आन्दोलन गर्छु भन्नु कत्तिको तर्क संगत हो ?**

– माओवादीको प्रदेशमा सहभागिता भएको एक वर्ष भयो । प्रदेशका नामाकरण पनि भयो, राजधानी पनि तिकियो । हामीले एक वर्षदेखि नै संघर्ष गर्दै आएका छौं । हामीले आफ्नो अधिकारका लागि अदालतमा मुद्दा पनि लडिरहेका छौं । सबै प्रदेशका आन्तरिक मामिला मन्त्रीहरूसँग जनकपुरधाममा सातबुँदे घोषणा पनि जारी भयो । हामीले सरकारमा सहभागी भएदेखि नै अधिकारका लागि लडिरहेका छौं ।

**० अदालतमा मुद्दा चल्दैछ अनि आन्दोलन नै किन ?**

– हामीले अधिकार लागि विभिन्न कोणबाट संघर्ष गर्नुपर्ने हुन्छ । अदालतमा सुनुवाइको काम भइरहेको अवस्था छ । हामीले शान्तिपूर्ण तरिकाले संघर्ष गरिरहेका छौं ।

**० संघमा तपाईंहरूकै सरकार होइन ? आफ्नो सरकारविरुद्ध आन्दोलन किन ?**

– घरमा अधिकार दिएन भने छोराछोरीले विद्रोह गर्छन् कि गर्दैनन् ? संघर्ष गर्छन् कि गर्दैनन् ? आफ्नो बुवासँग पनि मान्छेले संघर्ष गर्छन् । जन्मदिने आमासँग पनि संघर्ष गर्छन् । आमासँग रोएर वा कराएर भए पनि बच्चाहरू आफ्नो हकका लागि संघर्ष गर्छन्, होइन र ? अधिकारका लागि हामीले आफ्नो दलसँग पनि लडेका थियौं ।

**० गठबन्धनमा रहेको आफ्नो दलका दबाब दिन सक्नुहुन्थ्यो नि ?**

– कसले भन्यो हामीले आफ्नो दललाई दबाब दिएका छैनौं भनेर । हामीले पार्टीको हरेक बैठकमा दबाब दिइरहेका छौं ।

**० सातदिने अल्टिमेटम दिनुभएको छ । माग पूरा भएन भने कस्तो किसिमको आन्दोलन गर्नुहुन्छ ?**

– आन्दोलनको स्वरूप त परिस्थितिअनुसार हुनेछ । ज्ञापनपत्र दिने बेलामा क्याविनेट मन्त्रीले राज्यमन्त्रीलाई सम्भिmनुभएन । उहाँहरू आफै जानुभयो । तर, मन्त्रिपरिषद्को सदस्यका नाताले उहाँहरूले लिने निर्णयमा हाम्रो सहयोग रहन्छ । आन्दोलनको स्वरूप प्रकृतिअनुसार परिवर्तन पनि हुन सक्छ । पहिला ज्ञापनपत्र दिइयो । अहिले सात दिनको अल्टिमेटम दिएका छौं । सात दिनमा केही भएन भने फेरि सर्वदलीय बैठक बस्नेछ । त्यसबाट आउने निर्णयअनुसार हामी अगाडि बढ्ने छौं ।

**० सडक आन्दोलन गर्नुहुन्छ ?**

– अहिले ज्ञापनपत्रकै योजना छ । २२ गते हामीले ज्ञापनपत्र बुझाउँदै छौं । त्यसपछि सर्वदलीय बैठकले नै निशानिर्देश गर्छ । परिस्थितअनुसार आन्दोलनको स्वरूप हुन्छ ।

**० परिस्थितिअनुसार सडक आन्दोलन पनि हुन सक्छ ?**

– परिस्थितिअनुसार त्यो पनि हुन सक्छ ।

**० मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रममा भ्रष्टाचार भएको भन्दै मुद्दा दायर भएको छ । यसलाई कुन रूपमा लिनुभएको छ ?**

– यसमा तपाईं नै विश्लेषण गर्नुहोस् । किन गर्‍यो ? कसरी गर्‍यो ? भन्दाखेरि कतै न कतै विभेदको स्वरूप जस्तो लाग्छ । यो मेरो व्यक्तिगत धारणा हो । मलाई त्यस्तो लागेको छ । तर, प्रदेशका जो कोहीलाई पनि गल्ती गर्ने छुट छैन । यो मुद्दा आन्दोलनमा गएको हो । अदालत छिनोफानो गर्ने कुरामा हामीले धेरै बोल्न मिल्दैन ।

**० भ्रष्टाचारको विषयमा मन्त्रिपरिषद्मा कुरा हुन्छ कि हुँदैन ?**

– मन्त्रिपरिषद्मा हामी छौं । यो कुरा मलाईभन्दा क्याबिनेट मन्त्रीलाई सोध्दा राम्रो हुन्छ । मन्त्रिपरिषद्मा मेरो प्रत्यक्ष सहभागिता हुँदैन । त्यसैले तपाईंबाट हामीले सुन्छौं । यो विषयमा धेरै कुरा बोल्न सक्दिनँ ।

**० मधेश सरकार भ्रष्ट भएको हो ?**

– मधेश सरकार भ्रष्ट भएको हो भने त्यसको छानबिन हुनुपर्छ । प्रमाणित गरोस् । हामीले भ्रष्टाचार भएको देखेका छौनौं । हामीले कानुनसम्मत काम भएको कुरा देखिरहेका छौं । भ्रष्टाचार गरका छौं कि छैनौं भन्ने कुरा छुट्याउन सकेका छैनौं । सम्बन्धित निकायले छानबिन गरोस् ।

**० मुख्यमन्त्री कत्ति दोषी देख्नुहुन्छ ?**

– त्यो त सम्बन्धित निकायले जाँच गर्ने हो । मलाई त लाग्दैन मुख्यमन्त्री दोषी होला भनेर ।

**० मुख्यमन्त्रीको मातहत रहेका बेला भएको यो विषयमा उहाँले जिम्मेवारी लिनुपर्दैन ? उहाँ मौन देखिनुभएको छ नि ?**

– यो कुरामा म धेरै बोल्न सक्दिनँ । नीति र कानुनभन्दा बाहिर गएको जस्तो मलाई लाग्दैन । अख्तियारले आफ्नो काम गर्छ । अदालतले आफ्नो काम गर्छ । सरकारले गर्ने काम सरकारले गर्छ ।

**० मुख्यमन्त्री कार्यालय भ्रष्टाचार मुद्दा मुछिसकेपछि मुख्यमन्त्रीको नैतिकता के देख्नुहुन्छ ?**

– मुख्यमन्त्रीले छानबिन नगर भनेर पनि भनेको छैन । अख्तियारले आफ्नो काम गरेको छ । यसमा कस्को नैतिकताको कुरा गर्नुभएको छ । त्यो प्रष्ट छैन ।

**० मुख्यमन्त्रीले राजीनामा दिनुपर्दैन ?**

– दोषी नठहरिएसम्म उहाँले राजीनामा किन दिने ? यो प्रश्न मुख्यमन्त्रीसँग गर्दा राम्रो हुन्थ्यो । यो कुरा प्रमाणित नभएसम्म, दोषी नठहरिएसम्म, दुनियाले आरोप लगाएको भरमा राजीनामा दिने कुरा तर्क संगत छैन ।

**० नेकपा माओवादी केन्द्र मधेश प्रदेशमा कमजोर हुँदै गएको हो ?**

– हामी जनतामा कमजोर छैनौं । माओवादी सर्वहाराको पक्षमा, अन्यायमा परेकाको पक्षमा, किसानको पक्षमा सँधै आवाज उठाएको पार्टी हो । संघर्ष गर्दै आएको पार्टी हो । चुनावमा विभिन्न किसिमका कुरा हुन्छन् । जातिगत कुरा हुन्छ । यी सबै कारण हामी अलि कमजोर देखिएका छौं । सत्तामा हामी अलि कमजोर देखिएका छौं । तर, जनतामा हामी कमजोर छैनौं । माओवादी अहिले पनि बलियो छ । जनताका लागि माओवादीले हिजो पनि संघर्ष गरेका थिए । आज पनि संघर्ष गरिरहेका छन् । भोलि पनि संघर्ष गर्न तयार छ ।

**० जनअभिमत माओवादीको पक्षमा देखिएन नि ?**

– यो पूँजीवादी युग हो । समाज पूँजीवादमा छ । विभिन्न पाटो हुन्छन् । हामीले जनतालाई बुझाउन नसकेको हुँला । कतै न कतै हाम्रो पनि कमजोरी होला । हामीले संविधानमा ल्याएका अधिकारका कुराहरू, संघर्षका कुराहरू जनतालाई बुझाउन सकेनौं कि ।

**० माओवादीले कहाँ कहाँ सुधार गर्नुपर्ने हुन्छ ?**

– हामीले पाएको अधिकार र उपलब्धिका कुराहरूबारे जनतामा सचेतना दिनुपर्ने हुन्छ । रूपान्तरणका लागि समाजवादको आवश्यकता छ भन्ने कुरा जनतालाई बुझाउनुपर्नेछ । जनतालाई बुझाउन सक्यौं भने हामी एक नम्बर पार्टी बन्छौं ।

**० चुनावको तयारी कसरी भइरहेको छ ?**

– आ-आफ्नो पालिकामा नेताहरू चुनावको तयारीमा जुटेका छन् ।

**० मधेशमा गठबन्धन बनाएर चुनावमा जानु हुन्छ कि एक्लै लड्नु हुन्छ ?**

– यो केन्द्रले निर्णय गर्छ । केन्द्रले गर्ने निर्णयअनुसार हामी अगाडि बढ्छौं ।

# प्रदेशको सरकार भ्रष्टाचारको नाङ्गो नाच नाच्दैछ



**डा.सुरेन्द्र झा**

**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

हिजो साइकल र मोटरसाइकलमा हिंड्ने नेताहरु मधेश आन्दोलन भइसकेपछि प्राडो किन्ने हैसियतमा पुगिसकेका छन् । मधेश आन्दोलन भनेको फगत केही नेताहरुलाई धनी बनाउनका लागि भएको हो र ? त्यसैले नयाँ शिरा भनेको मधेशलाई एउटा समृद्ध बनाउन रोडम्याप के छ ? स्रोतसाधन कहाँबाट जुटाउनुहुन्छ ?

**० लोकतान्त्रिक समाजवादी पार्टी नेपालका शीर्ष नेता र प्रधानमन्त्रीबीच भेटघाट, छलफल बाक्लिएको छ, सरकारमा जाने तयारी हो ?**

– सरकारमा जाने तयारीको रुपमा भेटघाटलाई लिनु हुँदैन । निश्चितरुपमा हाम्रो अध्यक्ष प्रधानमन्त्रीसँग निरन्तर सम्वाद र छलफलमा हुनुहुन्छ । त्यो छलफल र सम्वादको परिणाम पनि आयो । नागरिकता विधेयक दुवै सदनबाट पास भएको छ । नागरिकता विधेयक पास गर्नुपर्छ, आफ्नो नागरिकलाई अनागरिक बनाएर राख्नु हुँदैन भनेर लोसपाले माग उठाउँदै आएको थियो । त्यसैले हाम्रो भेटघाट भनेको सरकारमा जानका लागि होइन । त्यसैगरी, मधेश-थरुहट आन्दोलनका क्रममा लगाइएका झुठा मुद्दा फिर्ताका लागि गृहमन्त्री बालकृष्ण खाँड र लोसपाका नेताद्वय लक्ष्मण लाल कर्ण र सर्वेन्द्रनाथ शुक्लसहितको एउटा कार्यदल बनेको छ । सो कार्यदलले आफ्नो कार्य अगाडि बढाएको छ । हाम्रो भेटघाट भनेको मधेश-थरुहट लगायतका मुद्दाहरुको सम्बोधनका लागि हो । जुनसुकै सरकार बन्दा पनि ती समस्याहरु सम्बोधनका लागि सम्वाद र सहकार्य पनि हुँदै आएको छ । जहिले पनि हामीले मुद्दा सम्बोधनका लागि दबाब दिँदै आएका छौं । हामीले सत्तालाई प्राथमिकतामा राखेका छैनौं ।

**० भनेपछि लोसपा अहिले सरकारमा जाँदैन ?**

– हाम्रो पार्टीका अध्यक्षसँग सम्वाद हुँदा प्रधानमन्त्रीले भन्नुहुन्छ कि सँगै सहकार्य गरेर अगाडि बढौं । तर, सरकारमा सहभागी होऔं, कुन-कुन मन्त्रालय, कति मन्त्रालयबारे ठोस रुपमा कुरा भएको छैन । हाम्रो अध्यक्षले जहिले भेट्दा पनि हाम्रो एजेण्डाप्रति न्याय होस् भन्नुहुन्छ । यो विषय प्रवेश गरेको छैन । लोसपाले जहिले पनि मधेश-थरुहट आन्दोलनको एजेण्डालाई नै प्राथमिकतामा राखेको छ । सत्ताको विषयलाई हामीले प्राथमिकताका साथ उठाएका छैनौं ।

**० लोसपाको चुनावी तयारी कस्तो भइरहेको छ ?**

– हामीले आवधिक चुनावलाई मानेरै पार्टी खोलेका हौं । लोकतान्त्रिक पार्टीहरु चुनावमा भाग लिनु सहज र आवश्यक प्रक्रियाभित्र पर्दछ । त्यस हिसावले हामीले क्रियाकलाप चुनावकै तयारी हो । चुनावी तयारीकै स्वरुप हामीले सत्ता र प्रतिपक्ष दलसँग सम्वादमा छौं । हामी राष्ट्रिय पार्टी भएपनि तराई-मधेश हाम्रो आधार क्षेत्र हो । मधेशका नागरिकले हेरिरहेका छन् कि लोसपाले कुन ढंगले मधेश-थरुहट आन्दोलनसँग सम्बन्धित मुद्दाहरुको सम्बोधनको सवालमा कसरी आफ्नो चट्टानी अडान दर्साउँदै आएको छ । एकातिर हामी एजेण्डामा न्याय गर्न तदारुकताका साथ लागेका छौं । अर्कोतिर पार्टीको सांगठनिक संरचनाहरु पनि अगाडि बढाइरहेका छौं ।

**० लोसपाको चुनावी तालमेल वा गठबन्धन कुन दलसँग हुने हो ?**

– अहिले चुनावी गठबन्धन वा सहकार्यबारे कुनै पनि दलको टुंगो लागेको छैन । पाँच दलीय गठबन्धनभित्र पनि गठबन्धनको प्रयास भइरहेको छ । त्यो गठबन्धन चुनावसम्म जान्छ भन्ने छैन । चुनावसम्म सरकार सञ्चालनको गठबन्धन चाँहि हो । बिहानदेखि बेलुका कांग्रेसलाई प्रचण्डजीले धम्काइरहनुभएको छ । त्यसैले त्यहाँ पनि प्रष्टता छैन । अर्कोतिर प्रमुख प्रतिपक्षी नेकपा एमालेले आफ्नै नेतृत्वमा आगामी सरकार बनाउने गरी बहुमत ल्याउने दाबी गरिरहेको छ । गठबन्धन बनाउने सवालमा एमाले पनि प्रष्ट देखिएको छैन । लोसपाको आधारभूमि मधेश रहेको छ । जोसँग सिट बाँडफाँडमा कम्फरटेवल हुन्छ, त्यो शक्तिहरुसँग गठबन्धन हुने हो । अर्को कुरा, मधेशमा तीन-तीन वटा मधेश विद्रोह भयो । त्यो आन्दोलनका युवा नेतृत्वहरु छन्, उहाँहरु मधेशकेन्द्रित दुईटा दलसँग धेरै सन्तुष्ट नभएका कारण निष्कृय भएर बसिरहनुभएको छ, ती सबै साथीहरुलाई लोसपामा आउनुस् भनेर आग्रह गर्न चाहन्छु । हामीले विगतमा सँगै आन्दोलन गरेका हौं, पार्टीभित्र यदि कुनै प्रकारका विकृति, विसंगति छ भने भित्र रहेर सफा गरौं । चुनाव लडेर प्रधानमन्त्री बन्छौं भनेर यो पार्टी गठन भएको होइन, हामीसँग एउटा मिसन र एजेण्डा थियो । आज प्रदेशका सरकार भ्रष्टाचारको नाङ्गो नाच नाच्दैछ ।

**० आगामी चुनावमा मधेशी गठबन्धन बन्छ त ?**

– सम्भावनै छैन भनेर त भन्दिँन । तर मधेशभित्रको मधेशी शक्ति जसले साँच्चिकै मधेशी, दलित, महिला, मुस्लिमको उत्थानका लागि जसले काम गर्छ, जसको जीवनशैली पनि त्यो प्रकारको छ त्यस्तो साथीहरुको समूह लोसपामा आउनुपर्छ र गठबन्धन पनि गर्नुपर्छ । लोसपा सहकार्य गर्न खुला छ । तर, त्यस्ता पात्रहरु जसले मधेशको समस्या देखाएर अकूत सम्पति आर्जन गर्ने, जहिले पनि मन्त्री बनिराख्ने, काठमाडौंमा दश वटा घर किन्ने त्यस्तालाई गठबन्धनको नाउँमा सुनपानी छर्किने जरुरी छैन । राजनीतिक शुद्धिकरणको सवालमा मधेशमा पनि शुद्धिकरणको आवश्यकता छ । त्यसैले गठबन्धनका लागि यी कुराहरु ठोसरुपमा आउनुपर्छ ।

**० जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले लोसपालाई फेरि मिलेर जाऔं भन्ने खालका अभिव्यक्तिहरु दिइरहनुभएको छ नि ?**

– यो कुरा उपेन्द्रजीले बोल्न पनि सुहाउँदैन । आत्मरत्तिका लागि बोल्नु एउटा विषय हो तर उहाँलाई थाहा छ कि यो विषयमा उहाँ इमान्दार हुनुहुन्न । किनभने जसपा त तत्कालीन राजपाले बनाइदिएको हो नि । निर्वाचन आयोगमा गएर पार्टी छुटाइ पाउँ भन्ने निवेदन दिने तिनै उपेन्द्र यादवजी हो । सरकारमा जानु हुँदैन, चुनाव लड्दैनौं भन्ने तीनै उपेन्द्रजी हो । तत्कालीन तमलोपाको कार्यालयमा बैठक बसिरहँदा चोरबाटोबाट सबैभन्दा पहिले दल दर्ता गर्ने त्यहीं उपेन्द्र यादव हो । ती घटनाहरु त कसैले बिर्सेको छैन । संविधान संशोधन नभएसम्म सरकारमा जाँदैनौं भन्ने उपेन्द्र यादव केपी ओलीको सरकारमा १८ महिना बस्नुभयो तर कुन-कुन माग पूरा गराउनुभयो, सबै छर्लङ्गै छ । अहिले उहाँ १० महिनादेखि सरकारमा हुनुहुन्छ, मधेश आन्दोलनका कुन एजेन्डा सम्बोधन गराउन सक्नुभएको छ ?

**० तर, नागरिकता विधेयक उपेन्द्र यादवजीकै कारणले आएको होइन ?**

– यो त हास्यास्पद विषय हो नि । उहाँकै कारण नागरिकता विधेयक आएको भए यो भन्दा अघिल्लो सरकारले ल्याएको नागरिकता विधेयकको किन विरोध गर्दै हिंड्नुभएको थियो ? उहाँको कारणले नागरिकता विधेयक आएको भए १० महिना किन लाग्थ्यो र । उहाँले जुन दिन सरकारमा जानुभयो, पहिलो क्याबिनेटबाट ल्याएको भए भइहाल्थ्यो नि । हिजो जुन पार्टीले रमेश महतोको लाश लुट्यो आज त्यो पार्टीलाई मधेश भवनमा मन्त्री दिने त्यहीं उपेन्द्र यादव हो । मधेश सरकार त मधेशकै पार्टीहरुको थियो नि । त्यो सरकारको निरन्तरता होस् भन्ने हाम्रो चाहना थियो । रमेश महतोको लाश लुट्ने लुटेरा पार्टीलाई मधेश सरकारमा मन्त्री दिन उहाँलाई सहज भो तर मधेशकै अर्को शक्ति लोसपालाई उहाँले पचाउन सक्नुभएन । भनेपछि उहाँले फेरि लोसपासँग सहकार्यको कुरा बाहिर भनेर हुँदैन नि । त्यसैले गठबन्धन हुन सक्छ, चुनावमा पनि हामी सँगै जान सक्छौं । तर झुक्याउने हिसावले हुँदैन ।

**० उपेन्द्र यादवले विगतका तितामिठा कुराहरुलाई त्यागेर नयाँ शिराबाट अगाडि बढौं भन्नुभएको छ नि ?**

– उपेन्द्र यादवलाई धनी, उपप्रधानमन्त्री, भ्रष्टाचारी नेतालाई मुख्यमन्त्री बनाउन गठबन्धन गर्नुपर्ने हो र । यहाँ व्यक्तिको सवाल छैन । नयाँ शिराबाट जाउँ भनेपछि समाज, जनता, सुशासन, मधेशीले खोजेको समृद्धिलाई केन्द्रबिन्दू राखौं । व्यक्तिलाई हेरेर गठबन्धन गरियो भने ती व्यक्तिहरु १५ वर्षदेखि सत्तामै छन् त । उहाँहरुले गर्नुभएको कुरालाई जनताले देखिरहेका छन् । हिजो साइकल र मोटरसाइकलमा हिंड्ने नेताहरु मधेश आन्दोलन भइसकेपछि प्राडो किन्ने हैसियतमा पुगिसकेका छन् । मधेश आन्दोलन भनेको फगत केही नेताहरुलाई धनी बनाउनका लागि भएको हो र ? त्यसैले नयाँ शिरा भनेको मधेशलाई एउटा समृद्ध बनाउन रोडम्याप के छ ? स्रोतसाधन कहाँबाट जुटाउनुहुन्छ ? भन्ने कुराहरुको ठोस कार्यदिशा तयार गरेर अगाडि बढ्नुपर्छ । महन्थ ठाकुर, राजेन्द्र महतो वा उपेन्द्र यादवको कुरा यहाँ छैन । उहाँहरु १५ वर्षदेखि मधेशको नेता हुनुहुन्छ नै । १५ वर्ष उहाँहरुको नेतृत्वमा चलेको पार्टीहरुले मधेशलाई के दियो र भोलि तपाईंसँग के रोडम्याप छ भन्ने किसिमको आज जनअपेक्षा छ, त्यसलाई चिर्ने गरी गठबन्धन बन्नुपर्छ ।

# केही भ्रष्ट नेता कर्मचारी र बिचौलियाको भरमा राज्य कहिलेसम्म चल्छ ?

सम्माननीय सभामुख महोदय,
देशको अर्थतन्त्रको बारेमा म केही कुरा राख्न चाहन्छु । साथै सरकारसँग देशको मौजुदा अर्थतन्त्रको बारेमा स्वेत पत्र जारी गर्न सभामुख मार्फत् माग गर्दछु । हालको अर्थतन्त्रको तस्विर यस्तो देखिन्छ । हाल मुलुकको जम्मा मौजात (Total Deposit) करिव 50 खरव ( 5,000,000,000,000) रहेको छ । जसमध्येकुल ऋण प्रवाह करिव 47 खरव ( 4,700,000,000,000) भएको देखिन्छ । 47 खरव ऋण औद्योगिक घरना, ठूला व्यवसायी तथा आम नागरिक समेत गरी कुल ऋणीको संख्या करिव ज्ञड लाख देखिन्छ । उक्त ऋण करिव 100 जनाले आधाभन्दा बढी । झण्डै 30 खरव) लिएको देखिन्छ । यसमा पनि केही व्यक्तिहरु एक्लैले छ हजार करोड ( 60 अरव) लिएको देखिन्छ । त्यस्ता समूहहरु मध्ये केही समूहहरु निम्न छन् :

जगदम्बा समूह
बुद्ध एयर Group
ज्योती Group
संघाई Group
सि.जी Group
पञ्चकन्या Group
IME Group
अग्नी Group
विशाल Group
भाटभटेनी Group
गोल्छा Group
सम्राट Group
दुगड Group
लक्ष्मी Group
मुरारका Group
लक्की Group
गोल्यान Group
ह्याचरी Group आदि आदि ।

यति Group अहिलेसम्म working capital guideline आउन सकेको छैन । त्यसको कारण के हो ? अहिले कोरोना पछि आर्थिक बृद्धिदर करिव 5.8 प्रतिशत रहेको छ । तर डरलाग्दो अवस्था के छ भने विदेशी मुद्राको सञ्चिति भण्डार


डा.अमरेश कुमार सिंह

पछिल्लो आर्थिक वर्षको तुलनामा करिव 2.5 अरव डलर कम देखिन्छ । अहिले विदेशी मद्राको सञ्चिति भण्डार 9.45 अरव डलर छन् जो गत आर्थिक वर्षमा 11.74 अरब डलर थियो । अहिलेको सञ्चिति विदेशी मुद्राको भण्डारले साढे छ महिनाको आयातको लागि मात्र पुग्छ । यसै अनुपातमा हरेक आर्थिक वर्ष रु 2.5 अरव डलरले विदेशी सञ्चिति भण्डार घटदै गयो भने 2 वर्षमा देशको आर्थिक अवस्था भयावह हुन्छ । जुन हिसावले विदेशी सञ्चिति भण्डार घट्दै जाने र आयात बढ्दै जाने अर्थात् व्यापार घाटा बढ्दै जाने हो भने २ वर्षपछि नै नेपालको अर्थतन्त्र विश्वमा नै खराव अर्थतन्त्र भएको मुलुकको सूचीमा पर्ने देखिन्छ । गत आर्थिक वर्ष कोभिड-19 कारणले रिमिट्यान्स 9.61 खरव नेपाली रुपैया बरावर थियो । अहिले थोरै बढेर 10 खरव रुपैया बराबर मात्र पुगेको छ । गतवर्ष साढे पन्ध्र ( 15.5) खरव नेपाली रुपैयाँको आयात भएकोमा यसपाली झण्डै 19.20 खरव नेपाली रुपैया पुगेको छ । गत आर्थिक वर्ष (Trade deficit) व्यापार घाटा 13.99 खरव थियो । यस आर्थिक वर्ष व्यापार घाटा 17.20 खरव नेपाली रुपैया पुगेको छ ।

गत आर्थिक वर्ष निर्यात (Export) रु 175 अरवको थियो । यस आर्थिक वर्षमा निर्यात रु 204 अरव भएको देखिन्छ । यसकारण सरकारले व्यापार घाटा कम गर्न कुनै पनि रणनीतिक योजना बनाएको देखिदैन । यस आर्थिक वर्षमा रु ज्ञदृण अरव रुपैया मात्र सेवा क्षेत्र (Service Sector- शिक्षा, स्वास्थ्य र पर्यटनमा खर्च भएको देखिन्छ । नेपाल सरकारमाथि रु 18 खरवको ऋण देखिन्छ । जसमध्ये आन्तरिक ऋण रु 9.84 खरव देखिन्छ भने अन्य बाँकी बैदेशीक ऋण छ । यसको कुल ग्राहस्थ उत्पादन (GDP) रु 4852 अरव देखिन्छ । बैकर र बैक व्यवसायी छुट्टाउनु पर्ने आर्थिक अनुशासन (Financial Discipline को लागि आवश्यक हुन्छ तर हाम्रो देशमा एउटै व्यवसायी समूहसँग बैक, विमा कम्पनी, पुनर्विमा कम्पनी ( Insurance, Re–Insurance Company) लघुवित्त (Micro Finance), फाइनाइन्स कम्पनी ( Finance Company), मर्चेन्ट बैक, कन्ट्रयाक्टर (निर्माण व्यवसायी), ट्रेडिङ व्यवसाय, स्टिल क्ष्लमगकतचथ, सिमेन्ट Industry तथा ठूला होटेलहरु पनि भएको देखिन्छ । यसको कारणले नेपालको मेरुदण्ड तथा आम नेपालीको जीविकोपार्जनको आधार कृषि क्षेत्र नाजुक अवस्था (Danger Zone) मा देखिन्छ । कृषिको लागि चाहिने

१) माटो परिक्षण छैन
२) विउविजन, किटनासक औषधिको उपलब्धता छैन
३) मलको अभाव
४) सिचाईको अभाव
५) बजारको पहुँच (Market Access) अभाव
६) कृषी क्षेत्रमा विचौलियकाको विगविगी भएको देखिन्छ ।

यस बारेमा नेपाल सरकारको धारणा के छ ? साथै यस्तै आर्थिक अवस्थाले नेपाल र नेपालीको भविष्य के होला ? यस बारेमा संसदमा छुट्टै छलफल हुनुपर्ने र सरकार स्वेतपत्र जारी गर्न सभामुखको रुलिङको माग गर्दछु । अहिले हाम्रो लोकतन्त्र एवं अर्थतन्त्र नाजुक अर्थात कमजोर अवस्थामा छ । यसको प्रभावले

१. नेपाली राहदानी (passport) हरेक वर्ष अन्य देशको तुलनामा कमजोर हुदै गईरहेको छ ।
२. कतिपय देशका दुतावास ( embassy) हुदाँ हुदाँ कन्सुलर ( visa ) Section नेपालबाट हटाएको उदाहरण नै काफी छ ।

Carteling लोकतन्त्र -अर्थतन्त्रको कारण देशको शिक्षा, स्वास्थ्य, कृषि, रोजगार एवं जनताको प्रत्यक्ष सरोकारका क्षेत्र अस्त व्यस्त भै रहेको दिनका दिन देखिन्छ । उदाहरण स्वरुप नेपाल सरकारलाई राजस्व दिएर राज्यको सेवा लिनको लागि लामो लाईन र दु:ख पाउने नियति नैं आम नेपाली नागरिकको बनेको छ । जस्तै

१. नेपाली राहदानी लिनको लागि
२. सवारी चालक अनुमतिपत्र लिनको लागि
३. राष्ट्रिय परिचयपत्र लिनको लागि
४. नागरिकता प्रमाण पत्र लिनको लागि
५. मतदाता परिचय पत्र लिनको लागि
६. चारित्रिक प्रमाण पत्र लिनको लागि ( Police report)
७. मलपोत, नापि वा अन्य सेवाग्राही कार्यालय नै किन नहोस्

CSR को पैसा सरकारी खातामा जम्मा गर्ने प्रावधान लागु गर्नुपछ केही भ्रष्ट नेता कर्मचारी र विचौलियाको भरमा राज्य कहीलेसम्म चल्छ र आम नेपाली जनता सुशासन र सम्वृदि चाहना कहिले पुरा हुन्छ यो नै नेपालका संघीय लोकतान्त्रीक गणतन्त्रको चुनौति र यक्ष प्रश्न छ, कि आम नेपाली जनताको भविष्य कहीले बन्छ ।

धन्यवाद ।
डा.अमरेश कुमार सिंह
सांसद, प्रतिनिधि सभा




## अमेरिकाको युद्ध उत्तेजनात्मक गतिविधि : नेमकिपा



काठमाडौं । नेपाल मजदुर किसान पार्टीले अमेरिकाको युद्ध उत्तेजनात्मक गतिविधि रहेको आरोप लगाएको छ । उनले अमेरिकाले चीनलाई उत्तेजित पारेर अशान्ति फैलाउन खोजेको आरोप लगाएको हो ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेले बुधबार एक विज्ञप्ति जारी गरी यस्तो आरोप लगाएका हुन् ।

अमेरिकी प्रतिनिधिसभाको सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणको विरोध गरेका हुन् । उनले ताइवानलाई चीनको अभिन्न अंग भन्दै त्यहाँ अमेरिकी सभामुख जानु अमेरिकाको युद्ध उत्तेजनात्मक गतिविधि भनेको छ ।

अध्यक्ष बिजुक्छेले भने विज्ञप्तिमा भनेका छन्, 'चिनियाँ भूमिमा अस्थिरता फैलाउने, ताइवानमा क्रियाशील विखण्डनकारी संगठनलाई पोस्ने, दक्षिणी चीन सागरमा उत्तोजनात्मक गतिविधि गर्ने र चीनविरुद्ध शीत युद्धको अभ्यास गर्दै आएको सर्वविदित छ । त्यसैको सिलसिला अन्तर्गत पेलोसीको ताइवान भ्रमण भएको प्रष्ट छ, निश्चय पनि यसको परिणाम वाइडेन प्रशासनले भोग्नुपर्नेछ भन्ने चिनियाँ घोषणा देशभक्तिपूर्ण छ ।'

विगतमा एक चीन नीतिलाई स्वीकार गरे पनि अमेरिकाले चिनियाँ मुख्य भूमिबाट ताइवानलाई अलग बनाउने धम्कीपूर्ण अभिव्यक्ति दिनु साम्राज्यवादी आक्रामक नीति भएको नेमकिपाले बताएको छ ।

अमेरिकाले एसियामा युद्ध थोपर्ने चालबाजी गरिरहेको भन्दै नेमकिपाले एसिया महादेश र विश्वमा अशान्ति फैलाउने कार्य बन्द गर्न माग गरेको छ ।

'चीनको सम्प्रभुताको कदर गर्नु र एक चीन नीति साँचो अर्थमा पुन: अडिग भएर प्रस्तुत हुनु स्वयं संयुक्त राज्य अमेरिकाको निम्ति हितकारी हुने तर्फ नेमकिपा बाइडेन प्रशासनको ध्यानाकर्षण गर्दछ' अध्यक्ष बजुक्छेले भनेका छन् ।

## मधेश अपडेट

### जमुनाह नाकामा सतर्कता

बाँके । बाँकेमा कारोना सङ्क्रमित सङ्ख्या बढ्दै गएपछि नेपालगञ्जस्थित नेपाल-भारत सीमा जमुनाह नाकामा सुरक्षा सतर्कता अपनाइएको छ । भारतबाट घर फर्किने नेपालीको सीमामा प्रभावकारी स्वास्थ्य जाँच कोरोना परीक्षण गर्ने गरिएको छ । जिल्ला कोभिड व्यवस्थापन केन्द्र बाँकेका स्रोत व्यक्ति तेज वलीका अनुसार भारतमा दिनहुँ ठूलो सङ्ख्यामा कोरोना फैलिएकाले नेपालगञ्जमा सहजै भित्रिन सक्ने भएकाले भारतबाट भित्रिने नागरिकको जमुनाह नाकामा स्वास्थ्य जाँच गर्ने गरिएको छ । जमुनाह नाकामा अहिले सीमावर्ती भारतीय सहर रुपैडिहामा किनमेलका लागि जाने नेपाली उपभोक्ता र भारतबाट घर फर्किने नेपालीको भीड लाग्ने गरेको छ । दैनिकरूपमा नेपाली उपभोक्ता किनमेलका लागि भारतीय बजारमा पुग्दा कोभिडको जोखिम फेरि बढ्न सक्ने उनले बताए । भारतबाट दिनहुँ भित्रिनेको सीमानाका जमुनाहमा प्रभावकारीरूपले स्वास्थ्य जाँच गराएर मात्र घर फर्किने व्यवस्था गरिएको छ । जमुनाह नाका हुँदै भारतबाट आउने नेपाली मजदुरलाई स्वास्थ्य जाँच गराएर मात्र भित्रिन दिइएको इलाका प्रहरी कार्यालय जमुनाहका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक माधव रिजालले बताउनुभयो । बाँकेमा हाल ४३ सक्रिय सङ्क्रमित छन् । सङ्क्रमित सबै होम आइसोलेशनमा छन् ।

### बिरामीले रगत नि:शुल्क पाउने

पर्सा । पर्साको वीरगञ्ज महानगरपालिका-१० ले बिरामीलाई आवश्यक पर्ने रगत नि:शुल्क रुपमा उपलब्ध गराउने भएको छ । बिरामीलाई आवश्यक पर्ने रगत नि:शुल्क उपलब्ध गराउन वडा कार्यालय र रक्तसञ्चार केन्द्र, वीरगञ्जबीच सम्झौता भएको छ । विपन्न नागरिक बिरामी हुँदा रगत अभाव नहोस् भनेर रक्तसञ्चार केन्द्रसँग सम्झौता गरिएको वीरगञ्ज-१० का वडाअध्यक्ष साह कानुले बताए । उनका अनुसार वडाले नि:शुल्क रगत सेवाका लागि चालु आर्थिक वर्ष २०७९/८० मा तीन लाख बजेट छुट्याएको छ । वडाध्यक्ष कानुले नेपाल रेडक्रस सोसाइटी पर्साका मन्त्री शैलेन्द्र चौरसियालाई पहलो चरणमा एक लाखको चेक हस्तान्तरण गरे । वीरगञ्जस्थित रक्तसञ्चार केन्द्रले एक युनिट रगतको एक हजार ५० सेवा शुल्क लिने गरेको छ । तर वडा नम्बर १० का बासिन्दाले वडा कार्यालयबाट सिफारिस लिएर गएमा नि:शुल्क रगत प्राप्त गर्ने वडा कार्यालयले जनाएको छ ।

### सडकमा सुतेर सुकुम्बासीद्वारा प्रदर्शन

जनकपुरधाम । चुरे तथा वन जंगल संरक्षण अभियानको नेतृत्वमा जनकपुरधाममा वृहत् प्रदर्शन भएको छ । गाउँगाउँबाट आएका भूमिहीन सुकुम्बासीहरूले आइतबार मधेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडिको सडकमा सुतेर विरोध जनाएका हुन् । यसअघि, उनीहरूले नगरका विभिन्न ठाउँको परिक्रमा गरेका थिए । उनीहरूले चुरे वन जंगल संरक्षण र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको हक अधिकारका लागि आन्दोलन गर्दै आएका छन् । वर्षौंदेखि भूमिहीन रहेका आफूहरूका समस्या समाधानमा राज्यले चासो नदेखाएको पनि उनीहरूको गुनासो छ । सरकारले नक्कली सुकुम्बासीहरूलाई जमिन दिएर चुरे तथा वनजंगल विनाश गरे पनि आफूहरूलाई जमिन दिन नचाहेको उनीहरूले गुनासो गरेका छन् । भूमिहीनलाई जमिन उपलब्ध गराउनुपर्ने, चुरे तथा वनजंगल अतिक्रमण रोक्नुपर्नेलगायत माग राखी अभियानीहरूले १२ दिनदेखि रिले अनशनसमेत गर्दै आएका छन् । लामो समयसम्म रिले अनशन गर्दासमेत मधेश सरकारले माग सम्बोधन नगरेपछि उनीहरूले आइतबार सडक प्रदर्शन गरेका हुन् ।

### ह्वील चेयर वितरण

राजविराज । राष्ट्रिय एकता अभियान सप्तरीले फरक क्षमता भएका ११ जनालाई ह्वील चेयर वितरण गरेको छ । अभियानले शनिबार एक कार्यक्रमको अयोजना गरी जिल्ला अध्यक्ष सुनिता चौधरी र केन्द्रीय उपाध्यक्ष सुनिता साहको अगुवाईमा चेयर वितरण भएको आयोजक संस्थाले जनाएको छ । राजविराज -२ निवासी संजय कुमार दुवेले आमाको सम्झनामा अभियानलाई ह्वील चेयर उपलब्ध गराएको छ । उनले वार्षिक रुपमा फरक क्षमता भएको व्यक्तिहरुको लागि ह्वील चेयर उपलब्ध गराउदै आएको आयोजना संस्थानका अध्यक्ष चौधरीले जानकारी दिए । अभियानले राजविराज नगरपालिका वडा नम्बर -१ ,२ ,३ ,८,१० ,११ तिलाठी कोलाडी गाउँपालिका वडा नम्बर -४ तोपा , डाक्नेश्वरी नगरपालिका वडा नम्बर -७ ब्रहमपुर , खडक नगरपालिका वडा नम्बर ८ खोजपुरका फरक क्षमता भएका व्यक्तिहरुलाई ह्वील चेयर वितरण गरेको सामाजिक अभियन्ता सागरवीर कडारीले जानकारी दिए । ह्वील चेयर बितरण कार्यक्रममा राजविराज नगरपालिका वडा नम्बर २ स्थित राजदेवी मन्दिरको प्राङ्गणमा सम्पन्न भएको थियो । कार्यक्रममा स्थानिय र वडा अध्यक्ष अरुण कुमार यादवको समेत उपस्थिति रहेको थियो ।

### लुम्बिनी केबलकार सञ्चालन हुने

रुपन्देही । जिल्लाको बुटवल उपमहानगरपालिका बमघाटदेखि पाल्पा जिल्लाको तिनाहूँ गाउँपालिका बसन्तपुर डाँडासम्म पुग्ने निर्माणाधिन लुम्बिनी केबलकार आगामी माघ महिनादेखि सञ्चालनमा आउने भएको छ । हालै सम्पन्न कम्पनीको विशेष साधारणसभामा प्रगति प्रतिवेदन प्रस्तुत गर्दै लुम्बिनी केबलकार प्राइभेट लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकालले केबलकारको निर्माण आगामी पौषभित्र सम्पन्न हुने र माग १ गतेदेखि सञ्चालनमा आउने बताएका हुन् । करिब तीन किलोमिटर लामो केबलकारको यात्रापछि पुगिने बसन्तपुर डाँडामा सुविधासम्पन्न होटल, मनोरञ्जन पार्क तथा मन्दिरसहितका संरचनाहरु निर्माण हुनेछन् । "केवलकारको तल्लो स्टेशनसम्म पुग्ने करिब ४०० मीटर पहुँचमार्गको निर्माण कार्य सम्पन्न भएको छ । तल्लो स्टेशनको सव-इस्टक्चरको निर्माण कार्य करिव सम्पन्न भई सुपर स्टक्चरको कार्य र साईट डेभलपमेन्टको काम अगाडी बढिरहेको छ । नौ वटा टावरमध्ये ८ वटा टावरको सिभिल निर्माण कार्य सम्पन्न भइसकेको छ भने बाँकी रहेको टावरको कार्य अगाडी बढिरहेको छ," उनले भने । साथै, उनले माथिल्लो स्टेशनमा सव-इस्टक्चरको कार्य अन्तिम चरणमा रहेको र केबलकारको उपकरण तथा पार्टपुर्जाहरुको आयात गर्ने काम अगाडि बढेको बताए । त्यसैगरी, माथिल्लो स्टेशनमा रहेको मन्दिरक्षेत्रको निर्माण कार्य पनि केबलकार परियोजना सँग-सँगै सम्पन्न गर्नुपर्ने भएकोले हाल कार्यरत निर्माण कम्पनीलाई नै पुरानै सर्त बमोजिम कार्य प्रारम्भ गर्न निर्देशन दिइएको बताए । ढकालले माथिल्लो स्टेशनमा प्रस्तावित होटललाई अन्तराष्ट्रिय चेन-होटलसँग आबद्ध गराउन अन्तराष्ट्रिय परामर्शदाताहरुसँग छलफल भइरहेको जानकारी समेत गराए । केबलकारको २०७७ साल फागुन १ गते पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले शिलन्यास गरेका थिए ।

### दार्जिलिङकी युवतीले नेपाली नागरिकता लिएपछि

बारा । नक्कली कागजपत्र तयार गरेर बाराको सिमरास्थित इलाका प्रशासन कार्यालयबाट एक भारतीय महिलाले नागरिकता प्राप्त गरेको घटना बाहिर आएपछि सोको छानबिन थालिएको छ । वडा कार्यालयको सिफारिसमा इलाका प्रशासन कार्यालय सिमराबाट भारतको दार्जिलिङ्गी निवासी २१ वर्षीय राजनी राईले गत साउन ३१ गते बाराको निजगढ नगरपालिका-१२ रामथली बसोबास देखाइ रजनी गोले नामबाट ३३ /०२/०७९/००५१३ नंको नागरिकता लिएको देखिएको छ । सो घटनाबारे छानबिन थालिएको छ । उक्त नागरिकता बदर गर्ने प्रक्रिया अघि बढाइने र सो कार्यमा संलग्न दोषीलाई नियमानुसार कारबाही प्रक्रिया अघि बढाइने इलाका प्रशासन कार्यालय सिमराका प्रमुख मोहनप्रसाद अर्यालले जानकारी दिए । राईको जन्म मिति २०५८/११/१५ गते दर्ता रहेको वडा कार्यालयको रेकर्डबाट देखिएको छ । यो जन्मदर्ता २०७९/०२/२३ गते वडा कार्यालयबाट बनाइएको हो । कीर्ते जालसाजी गरी अभिभावकमा बुबाको नाम श्यामराज गोले र आमाको नाम जीरामाया गोले बनाएर नेपाली नागरिकता लिएको पाइएको छ । झुटो विवरण पेस गरेर भारतीय नागरिक राईलाई नेपाली नागरिकता लिएको घटना खुलेपछि निजगढ-१२ कार्यालयले सो नागरिकता बदरका लागि प्रक्रिया अघि बढाउन इलाका प्रशासन कार्यालय सिमरामा पत्राचार गरिसकेको छ । रजनी गोले भन्ने रजनी राईको भारतीय आधार कार्डमा ३७७९५६५०३५६६ नं लेखिएको छ भने भारतीय निर्वाचन आयोग परिचयपत्रमा टिक्युजी २०७६९२५ लेखिएको प्रमाण फेला परेको छ । उक्त परिचयपत्रमा निजको नाम रजनी राई, बुबाको नाम किशोर राई जन्म तारिख १९८९/०३/२४ रहेको छ । त्यसैगरी उनको भारतीय आधार कार्डमा रजनी राई (सिङ्गर) र पति छेडुप सिङ्गरसमेत लेखिएको छ ।

# जनकपुरधाम क्षेत्रमा खानेपानी अभावको सवाल र समाधानका उपायहरू



बेचन कुमार महतो

**पृष्ठभुमी**

पानी सदुपयोग फाउन्डेसन र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले नेपालका पहाडी र हिमाली भेगका ३०० पालिकाहरूमा गरेको सर्वेक्षणमा आधारित अनुसन्धान प्रतिवेदन अनुसार करिब ७४ प्रतिशत पालिकामा पानीका मूल सुक्ने र ५८ प्रतिशतमा मूल सर्ने घटना पाइएको देखाएको छ। क्षेत्रगत रूपमा भन्दा चुरे क्षेत्रका पालिकाहरूमा मुहान सुक्ने समस्या सबैभन्दा बढी छ। तथापि यसअघि गरिएका अन्य अध्ययनहरुले पनि नेपालमा केही दशकयता पानीका मूलहरू सुक्दै गइरहेको देखाएकाछन्। जस्तै– त्रिभुवन विश्वविद्यालय अन्तर्गतको भूगोल केन्द्रीय विभागका अध्येताहरूले मध्यपहाडको मेलम्ची क्षेत्रमा गरिएका अध्ययन र युथ एलाइन्स फर इन्भाइरोमेन्टका अध्येताहरूले खोटाङ, नुवाकोट, सुर्खेत, डडेलधुरा जिल्लामा गरेका अध्ययनहरूले त्यहाँ पानीका मूल सुक्ने क्रममा तीव्रता आएको देखाएका छन्। तनहुँमा गरिएको अध्ययनले पनि ६३ प्रतिशत मूलमा पानीको मात्रा कम भएको देखाएको थियो। छरिएका सीमित अध्ययन भएपनि सबैको निष्कर्ष छ–केही दशकयता पूर्वदेखि पश्चिम नेपालसम्म र हिमाल देखि मध्य पहाड, चुरे र तराई भूभागमा पानीका मुहान सुक्दै गएको देखिएको छ। सुक्ने क्रमको सूचना गोरखा भूकम्प पछि तीव्र भएको देखिन्छ। एक प्रतिवेदन अनुसार, २०७२ सालको गोरखा भूकम्पका कारण देशभरका करिब ५००० मुहान र इनारहरू सुकेका थिए। त्यसो त उक्त भूकम्पपछि कतिपय ठाउँमा नयाँ मुहान पनि देखिए र कतिपय मूलमा पानीको परिमाण झन् बढी देखियो। काठमाडौं उपत्यकाका केही ढुंगेधारामा भूकम्पपछि पानीको मात्रा बढेको थियो।

पानीको मुहान सुक्नेक्रम नेपालमा मात्रै होइन, केही दशकयता समग्र हिमालय क्षेत्रमा पनि बढि रहेको छ। भुटान, भारत र पाकिस्तानमा भएका अध्ययनहरूले उत्तरपूर्वी भारतका सिक्किम र मेघालयदेखि पश्चिमको उत्तराखण्ड र पाकिस्तानसम्म फैलिएको हिमालय पर्वत शृंखलाका सबै भूभागमा रहेका पानीका मूलहरू सुकेको वा सुक्नेक्रममा रहेको उल्लेख गरेका छन्।

सन् २०१८ मा भारतको नीति आयोगले प्रकाशित गरेको प्रतिवेदनमा भारतका हिमाली क्षेत्रका करिब ६० प्रतिशत मूलहरूमा पानीको परिमाण कम भएको देखाएको थियो। उक्त प्रतिवेदन अनुसार, भारतको अल्मोडामा १५० वर्ष पहिले ३६० वटा मूल भएकामा हाल उक्त संख्या घटेर ६० मै सीमित भएको छ। त्यसैगरी भुटानको कृषि मन्त्रालयले गरेको अध्ययनले पनि त्यहाँ ३५ प्रतिशत पानीका मुहानहरू सुक्ने क्रममा रहेको र २ प्रतिशत मूल सुकिसकेको देखाएको छ।

पानीका मूलहरू यसरी सुक्दै जानुले यस भेगको जनजीवन र जीविकामा प्रत्यक्ष नकारात्मक असर पुऱ्याएको छ। किनभने हिमालयको पहाडी शृंखलामा मान्छेलाई पिउन अनि कृषिकर्म र अन्य जीविका चलाउनका लागि आवश्यक पानीको आपूर्तिको मुख्य स्रोत यहाँका मूलहरू नै हुन्। पानीका यी मूलहरूले यो क्षेत्रको मानवीय आवश्यकतामात्रै पूरा गरेका छैनन्, अन्य थुप्रै वातावरणीय सेवासुविधा पनि दिएका छन्। जस्तै– यस्ता मूलहरूले हिउँमा आश्रित नभएका नदी र खोलामा पानीको आपूर्तिको सुनिश्चितता गर्ने, जैविक विविधतालाई सहयोग गर्ने मात्रै होइन, कतिपय स्थानमा मूलहरू धार्मिक-सांस्कृतिक आस्थाका धरोहर पनि बन्न पुगेका छन्। त्यसकारण यस्ता पानीका मूलहरू सुक्दै जाँदा दैनिक मानवीय जीवन र जीविकामा मात्रै होइन, जैविक विविधता र पर्यावरणमा पनि नकारात्मक असर पुगेको छ। जस्तै– सिमसारमा पानीको मूल सुक्दा त्यसमा आश्रित चराचुरुंगी लगायतको जैविक विविधता हराएर जान्छ। जीवजन्तुले पिउने पानीको अभाव झेल्छन्। यतिखेर पानी अभावकै कारण कतिपय ठाउँमा मानव बस्तीहरू उजाडिएका छन् त कतिपय स्थानमा मानिसहरूले विकल्पका रूपमा अन्य स्थानबाट पानी लिफ्ट गरेर ल्याउने, टाढाको मुहानबाट पानी ल्याएर आपूर्ति गर्ने गरेका छन्। पानी अभावको सबैभन्दा बढी बोझ ग्रामीण भेगका महिलाहरू, गरिब तथा विपन्न घरलाई परेको छ। मूलसुकेका कारण टाढा टाढाबाट घण्टौं लगाएर पानी बोकेर ल्याउनुपरेको छ।

**मूल सुक्नुका कारण**

सामान्यतया वर्षातमा परेको पानी जमिनको सतहबाट जमिनमुनि छिर्छ। पानी कतिभित्र छिर्ने भन्ने कुरा जमिनको बनोट र माटोको किसिममा भर पर्छ। सतह नजिकको माटोको तह पूरै भिजेपछि पानी अझै भित्र जान्छ र त्यसरी भित्र पसेको पानी जमिनभित्र धाँजा फाटेको, चिरिएको ठाउँ (एक्विफायर वा जलभरा) मा सञ्चित भएर बस्छ। जमिनमुनि रहेका त्यस्ता जलभराहरू जब पानीले भरिन्छन्, पानी माटोको कमजोर सतहबाट वा पृथ्वीको गुरुत्वाकर्षणका कारण तल्ला क्षेत्रहरूबाट निस्कन थाल्छ, जसलाई हामी मूल भन्छौं। त्यसकारण मूल बन्न र नासिन वर्षातको मात्रा, जमिनको बनोट, माटोको प्रकार र सतहमाथिको भूउपयोगले मुख्य भूमिका खेल्छ। साथै मूलमा पानीको मात्रा पनि मूलाधारको चरित्र, जलभरा र वर्षातले निर्धारण गर्छ।

नेपाल पानी सदुपयोग फाउन्डेसन र इसिमोडको प्रतिवेदनले पानीको मूल सुक्नुमा मूलधार क्षेत्रको विनाश हुनु; परम्परागत पोखरीहरू मासिनु; सिमसार क्षेत्रहरू मासिनु; जथाभावी सडक तथा भौतिक संरचना बनाउनु; जलविद्युत् आयोजनाका सुरुङ, इनार, डिप बोरिङ खन्नुजस्ता मानवीय र बाढीपहिरो, खडेरी, भूकम्पजस्ता प्राकृतिक कारकहरूको भूमिका रहेको उल्लेख गरेको छ। अर्थात्, ती गतिविधिका कारण मूल बन्ने संरचना (जस्तै– जलभरा, मूलाधारको चरित्र) मा हानि पुग्यो र मूल सुक्यो। साथै जलवायु परिवर्तनका कारण फेरिएको वर्षातको समय, परिमाण र आवृत्ति एवं तापमान वृद्धिका कारण पनि पानीका मूलहरू सुकेका हुन् भन्ने अध्ययनहरूको दाबी छ।

कतिपय ठाउँमा जनसंख्या वृद्धि, पानीको अत्यधिक खपत गर्ने पछिल्लो जीवनशैलीका कारण पनि पानीको अभाव महसुस भएको हुनसक्छ। बढ्दो खपतले भएको कमी लाई मानिसहरूले पानीको प्राकृतिक आपूर्ति नै घटेको हिसाबमा लिएका पनि हुनसक्छन्। नेपाल मै अझ प्रदेश नं. २ को मुख्यालय जनकपुरधामको कुरो गर्ने हो भने जनसंख्या वृद्धि दर पनि स्थानिय ठाउँमा पानी अभावको कारणको रुपमा लिन सकिन्छ।

**टेवुल १: जनकपुर उपमहानगर पालिकामा घरधुरी र जनसंख्या वृद्धि**

| जनगणना वर्ष | घरधुरी संख्या | कुल जनसंख्या | घरघुरीमा वृद्धि | जनसंख्यामा वृद्धि |
|---|---|---|---|---|
| १९७१ (२०२८) | | १४,२९४ | | |
| १९८१ (२०३८) | | ३४,८४० | | |
| १९९१ (२०४८) | ९६६८ | ५४,७१० | | |
| २००१ (२०५८) | १३,७३४ | ७४,१९२ | | |
| २०११ (२०६८) | १९,१८३ | ९७,७७६ | | |
| १९७१-१९८१ | | | | २०,५४६ (१४३.७%) |
| १९८१-१९९१ | | | | १९,८७० (५७.०%) |
| १९९१-२००१ | | | ४०६६ (४२%) | १९,४८२ (३५.६%) |
| २००१-२०११ | | | ५४४९ (३९.६%) | २३,५८४ (३१.८%) |
| १९९१-२०११ | | | ९५१५ (९८.४%) | ४३,०६६ (७८.७%) |

*श्रोत: जनकपुरमा खानेपानीको गहिरिदो समस्या, कारण तथा संभावित उपायहरु, विजय कुमार सिंह, पिएच.डी, २०७८ कार्तिक २१, जनकपुरधाम वन प्राविधिक समाजको तेश्रो साधारण सभामा प्रस्तुत*

**टेवुल २ : मधेश प्रदेशमा चुरेको क्षेत्रफल**

| District | Total Area (ha) | Chure Area (Ha) | Chure % | Bhabar & Terai (ha) | Bhabr & Terai % |
|---|---|---|---|---|---|
| Bara | 127,261 | 15,653 | 12.3 | 111,608 | 87.7 |
| **Dhanusha** | **118,965** | **30,336** | **25.5** | **88,629** | **74.5** |
| Mahottari | 100,136 | 14,720 | 14.7 | 85,416 | 85.3 |
| Parsa | 140,648 | 28,833 | 20.5 | 111,815 | 79.4 |
| Rautahat | 103,655 | 7,878 | 7.6 | 95,777 | 92.4 |
| Saptari | 128,649 | 17,239 | 13.4 | 111,410 | 86.6 |
| Sarlahi | 126,463 | 18,969 | 15.0 | 107,494 | 85.0 |
| Siraha | 114,057 | 18,591 | 16.3 | 95,466 | 83.7 |
| Total | 959,834 | 152,219 | 15.9 | 807,615 | 84.1 |

*श्रोत: जनकपुरमा खानेपानीको गहिरिदो समस्या, कारण तथा संभावित उपायहरु, विजय कुमार सिंह, पिएच.डी, २०७८ कार्तिक २१, जनकपुरधाम वन प्राविधिक समाजको तेश्रो साधारण सभामा प्रस्तुत*

**जनकपुरधाममा खानेपानी उपलब्धताको सवाल**

विगतमा जनकपुरमा खानेपानीको मुख्य श्रोत इनार भए पनि हाल हाते पम्प (पाइप) नै हो। जनकपुर खानेपानी संस्थानले पाइप मार्फत धारा प्रदान गरेर पनि पानी सप्लाई गरि रहेको छ। अहिले बोतल र जारको खानेपानी सर्वत्र उपलब्ध छ। खानेपानीको मुख्य श्रोत **भूमिगत जल** नै साविकमा भन्दा अहिले धेरै तल किन गयो ? हातेकलमा ४०० फीट भन्दा तल गए पछि मात्र खानेपानी आउछ किन ? नेपाल भरीमा जनकपुरधाममा सवभन्दा वढी पोखरी छ तर भूमिगत जल तल तल किन जादै छ ? जस्ता कारणले यहाँ सर्वसाधारणको लागि खानेपानी महंगो हुदै गैरहेको अवस्था छ।

**जनकपुरको लागि भूमिगत जलको जलभरनको श्रोत (Water recharge source) कहाँ छ त?**

नेपालको चुरे क्षेत्रमा कुल १६४ वटा नदि प्रणालीको सञ्जाल रहेको, १८ वटा perennial हिम नदि, मध्य पहाडवाट उत्पति हुने ६४ वटा perennial नदि, , तराई मधेश क्षेत्रवाट १४ वटा perennial नदिहरु वहने गर्दछन तर जनकपुरको लागि भूमिगत जललाई दिगो रुपमा रिचार्ज गर्ने श्रोत वर्षे भरी पानी रहने नदी (Perennial) छैन। यस क्षेत्रलाई रिचार्ज गर्ने मुख्य श्रोत सिजनल (वर्षे) नदीहरुमा रातु, औरही (विगही), र जलाध नदीहरु रहेका छन्। यी नदीहरुमा वर्षाको ३-४ महिना मात्र पानी वग्ने गर्दछ र यसलाई रिचार्ज गर्ने मुख्य श्रोत भनेकै भावर क्षेत्र र चुरे क्षेत्र हुन्। सतही पानी नदि, वर्षा, पोखरी, ताल तलैया, नहरहरुवाट प्राप्त हुन्छ भने भुमिगत जलको मुख्य श्रोत भनेको confined aquifer, unconfined aquifer, well, tubewell (shallow and deep) हुन।

*क्रमश:...*




## संक्षिप्त समाचार

### राजदूत र भारतीय विदेश सचिवबीच भेट

काठमाडौं। भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्माले भारतीय विदेश सचिव विनय मोहन क्वात्रासँग भेटवार्ता गरेका छन्। भेटवार्ता नयाँदिल्लीस्थित विदेश मन्त्रालयमा भएको थियो। 'आज विदेश सचिव विनय मोहन क्वात्राजीसँग असाध्यै राम्रो भेटवार्ता भयो। द्विपक्षीय सहयोगसँग सम्बन्धित विवधि विषयहरुको समिक्षा गरियो। सबै क्षेत्रमा बलियो द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन नजिक रहेर काम गर्ने सहमति भएको छ,' राजदूत शर्माले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन्।

### चितवनमा लोकतान्त्रिक विद्यार्थी संघ गठन

काठमाडौं। लोकतान्त्रिक समाजवादी पार्टी नेपाल निकट लोकतान्त्रिक विद्यार्थी संघ चितवन जिल्ला कार्यसमिति गठन भएको छ। शनिबार प्रशान्त न्यौपानेको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्यसमिति गठन भएको संघका केन्द्रीय शीर्ष नेता रञ्जित निष्पक्षले जनाएका छन्। यसैगरी, लोकतान्त्रिक विद्यार्थी संघ चितवनको इन्चार्जमा रामप्रसाद ढकाल चयन भएका छन्।

### अनलाइन फाराम पालिकाबाट भर्न सकिने

पर्सा। जिल्ला प्रशासन कार्यालय पर्साले सेवाग्राहीको सजिलोका लागि राष्ट्रिय परिचयपत्र र ई-पासपोर्टको अनलाइन फाराम पालिकास्तरबाट भर्न सक्ने गरी व्यवस्थापन गरेको छ। राष्ट्रिय परिचयपत्र, ई-पासपोर्टलाई छिटोछरितो र व्यवस्थित बनाउनको लागि दुबै अनलाईन फाराम जिल्लाका चौधवटै पालिकाबाट भर्ने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिएका छन्। अव उक्त सेवा लिन सम्बन्धित पालिकाबाटै राष्ट्रिय परिचयपत्र र ई-पासपोर्टको अनलाइन फाराम भरेर मात्र प्रशासन कार्यालय आउनुपर्ने छ। प्रशासन कार्यालयका अनुसार सबै पालिकामा यी काम हेर्ने व्यक्ति तय गरेको र उनीहरूको सम्पर्क नम्बर सूचनामार्फत सार्वजनिक गरिएको छ। जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र र ई-पासपोर्ट भर्ने सेवाग्राही ठगिएका र सो ठगीमा संलग्न छ जनालाई यस अगाबै कारबाही गरेपछि यो व्यवस्था गरेको हो।

### मधेश प्रदेश सरकारद्वारा निर्देशनालय खारेज

जनकपुरधाम। मधेश प्रदेश सरकारले जनकपुरधाममा सञ्चालित उद्योग, वाणिज्य तथा हित संरक्षण निर्देशनालय खारेज गर्ने निर्णय गरेको छ। मधेश प्रदेश सरकार मन्त्रिपरिषद्को आज बसेको बैठकले निर्देशनालय खारेज गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिएका छन्। यस्तै बैठकले पर्साको वीरगञ्जमा उद्योग विभाग स्थापना गर्ने र सिरहाको लहान, धनुषाको जनकपुरधाम तथा पर्साको वीरगञ्जमा एक/एकवटा गरी तीन वटा पर्यटन विकास कार्यालय स्थापना गर्ने निर्णय गरेको मन्त्री साहले जनाए। प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममार्फत् पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन विकास कार्यालय स्थापना गर्ने घोषणा गरेको थियो।

### प्रदेश १ मा दुध उत्पादनमा वृद्धि

मोरङ। प्रदेश नं १ मा आर्थिक वर्ष २०७८/७९ मा कूल पाँच लाख २५ हजार एक सय ५५ मेट्रिक टन दुग्ध उत्पादन भएको छ। पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयका अनुसार सो अवधिमा मासु आठ लाख ६६ हजार १९ मेट्रिकटन, अण्डा १४ करोड १९ लाख ९३ हजार र ऊन ४० हजार ८७९ किलो उत्पादन भएको हो। अघिल्लो वर्षको तुलनामा गएको वर्षमा दुग्ध ११ हजार छ सय २३ मेट्रिकटन, मासु एक हजार छ सय ४२ मेट्रिक टन, अण्डा ४९ लाख नौ हजार र ऊन चार सय सात किलो बढी उत्पादन भएको हो। प्रदेशभरिमा गाईगोरुको सङ्ख्या २० लाख ९९ हजार चार सय ९७, भैंसी-राँगो आठ लाख ८५ हजार आठ सय ३९, बाख्रा २८ लाख सात हजार पाँच सय ८८, बङ्गुर छ लाख ९४ हजार आठ सय ४५, कुखुरा ८९ लाख ४१ हजार छ सय ७७, भेडा ५९ हजार दुई सय ३१ र याक-नाक १८ हजार १० रहेको बताइएको छ।

### करेन्ट लागेर युवकको मृत्यु

रौतहट। गरुडा नगरपालिका-७ भीमडावर बस्ने ३५ वर्षीय बैजु राय यादवको करेन्ट लागेर मृत्यु भएको छ। शुक्रबार बेलुका खेतमा पानी तान्ने मोटर जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए। उनको झाँझपुलस्थित ग्राण्डी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

### मोटरसाइकल दुर्घटनामा २ जनाको मृत्यु

कपिलवस्तु। कपिलवस्तुमा मोटरसाईकल दुर्घटना हुँदा २ जनाको ज्यान गएको छ। बुधबार विहान करिब ९ बजे बाणगंगा २ पिपराको मेचकुरीबाट लखन चोक आउँदै गर्दा गोवडीहवामा रुखमा ठोकिदाँ २ जनाको ज्यान गएको हो। लु ६४ प ५७६२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई रुखमा ठोकिएको प्रहरीले जनाएको छ। ईलाका प्रहरी कार्यालय पिपराका प्रमुख दिपक बाबु के.सी.का अनुसार मोटरसाईकल चालक वडा नं.२ निवासी २५ बर्षीय रमेश वि.क.र पछाडी २७ बर्षीय गोपाल वि.क.को ज्यान गएको हो। दुर्घटनामा गम्भिर घाईते भएको दुवै जनालाई लुम्बिनी प्रादेशिक अस्पतालले मृत घोषणा गरेको ईलाका प्रहरी कार्यालय पिपराले जनाएको छ।

### करेन्ट लागेर दुई जनाको मृत्यु

सप्तरी। जिल्लाको कंचनरूप नगरपालिकामा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ। कंचनरूप नगरपालिका-६ घोघनपुर बस्ने २० वर्षीया अञ्जली सरदार र उनकै काका ससुरा मधु भन्ने ४० वर्षीय सौदानन्द सरदारको करेन्ट लागेर बुधबार बिहान मृत्यु भएको छ। आफ्नै घरको कलमा जडान रहेको मोटर चलाउने क्रममा अञ्जलीलाई करेन्ट लागेको देखि सौदानन्दले बचाउन जाँदा उनलाई समेत करेन्ट लाग्दा गम्भीर घाइते भएका उनीहरूको स्थानीय प्राथमिक स्वास्थ्य चौकी कंचनपुर सप्तरीमा उपचारको क्रममा मृत्यु भएको हो।

### पर्सामा ९० लाख मूल्यको सामान बरामद

पर्सा। पर्साको वीरगञ्जबाट ९० लाख बराबरको विभिन्न मालसामान बोकेको एउटा ट्रकलाई सशस्त्र प्रहरीको टोलीले कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको छ। बिल बिजकभन्दा फरक भएको विद्युतीय सामान, औषधिलगायतका सामान बोकेको ना ६ ख ९९०५ नम्बरको ट्रकलाई कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिए। विषेश सूचनाको आधारमा वीरगञ्ज महानगरपालिका-१४ स्थित गण्डक चोकबाट नियन्त्रणमा लिएर ट्रक र मालसमानको ९० लाख ७५ हजार ४१६ बराबरको मुल्याङ्कन गरी कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको हो।

### ६१ किलो गाँजा बरामद

मोरङ। बिराटनगर महानगरपालिका-१४ स्थित सडकबाट को.२ ह ४६१० नम्बरको सिटी सफारीबाट ६१ किलोग्राम अवैध लागुऔषध गाँजा बुधबार बिहान प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीलाई देख्नासाथ सिटी सफारीमा रहेको उक्त गाँजा छोडी चालक फरार भएपश्चात प्रहरीले उक्त गाँजा बरामद गरेको हो। हाल फरार सिटी सफारी चालकको प्रहरीले खोजी गरिरहेको छ।

### करेन्ट लागेर मृत्यु

रौतहट। गरुडा नगरपालिका-६ पोठियाही बस्ने ५५ वर्षीया गिता देवीको करेन्ट लागेर मंगलबार बिहान मृत्यु भएको छ। आफनो घरमा रहेको कलमा जडान गरिएको मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएका उनको झाजपुलस्थित ग्राण्डी हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको हो।

### नदीले बगाएर एक जनाको मृत्यु

कपिलवस्तु। वाणगंगा नगरपालिका-९ स्थित कोईली नदी तर्ने क्रममा बगाएर सोही नगरपालिका-७ बाडीगाँउ बस्ने ३१ वर्षीया राममाया सुनारको मंगलबार बिहान मृत्यु भएको छ। राममाया र उनकै श्रीमान ३६ वर्षीय दिल कुमार सुनारलाई उक्त नदीले बगाएको र उनकै छोरा १२ वर्षीय निरज सुनारलाई सकुशल उद्दार गरिएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालयल पिपराबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा सोही खोलाको किनारमा राममायाको शव फेला परेको हो।

# हाम्रो लडाइँ सामाजिक लोकतन्त्र पनि हो



**उपेन्द्र यादव**

हाम्रो पार्टीबाट डा.बाबुराम भट्टराईसहित केही साथीहरु अलग हुनुभयो । उहाँहरुको तर्क के आयो भने ल यो राष्ट्रिय पार्टी बनाउने भनेको त बन्दै बनेन । कामै नगरिकन राष्ट्रिय पार्टी बन्छ कसरी ? अहिलेको हाम्रो पार्टी राष्ट्रिय होइन भने के हो ? अराष्ट्रिय हो त ? संसदमा हामी राष्ट्रिय पार्टीको रुपमा दर्ता छौं । लुम्बिनी प्रदेश, मधेश प्रदेश, प्रदेश नं. १, गण्डकी प्रदेशमा हामी सरकारमा छौं । यो मधेशमा मधेशी पार्टी भयौं, जनजातिहरु जातीय पार्टी भए, जातीय र क्षेत्रीय कुरा आयो भनेर उहाँहरु भन्नुभयो । जातीय भेदभावका कुराहरु त आर्थिक समृद्धि प्राप्त भयो भने त्यो आफै हटेर जान्छ । मुलुक जब समृद्ध हुन्छ अनि यस्ता जाति-पाती, राष्ट्रियता, लैंगिकका कुराहरु हराएर जान्छ । उहाँले आफ्नो किताबमा पनि लेख्नुभएको छ कि यो हराउँछ भनेर । तर त्यो सत्य होइन । किनभने केही देशका उदाहरणहरु हेरौं । अष्ट्रेलिया दुनियाँका विकसित देशमा पर्दछ । अष्ट्रेलियामा त्यहाँका जुन मूलवासी हुन्, तिनको जीवन प्रणाली अहिले पनि जंगली नै छ । मध्य युगीन जीवन प्रणालीमै बाँच्न बाध्य भएको छ । क्यानभेरामा संख्या त थोरै छ, विरोध गर्दा थोरै आउँछन् । अष्ट्रेलियाको राजधानी क्यानभेरामा विरोध गर्दा दाउरा बाल्छन् । त्यो दाउरा बालेर ४० वर्षदेखि निरन्तर विरोध गरिरहेका छन् । त्यो एउटा विरोध हो ।

सबभन्दा विकसित शक्तिशाली मुलुक अमेरिका हो । अमेरिकामा रेड इन्डियन्सहरुको दुर्दशा र अतोपतो छैन, अस्तित्व नै छैन । संसारमा एक पटक ठूलो साम्राज्य रहेको स्पेन पनि हो । पूरै ल्याटिन अमेरिकामा झण्डै-झण्डै स्पेनिस बढी छन् । स्पेनमा त्यहाँका आदिवासी जनजातिहरुको अहिले संघर्ष चलिरहेको छ । क्यानाडा त विकसित देश हो नि । क्यानाडामा क्युबेकियाहरुको संघर्ष चलिरहेको छ । अरु त छोडिदिउँ । पुँजीवाद र लोकतन्त्रको सुरुवात वा विकास भएको देश इङ्ल्याण्ड हो । इङ्ल्याण्डमा अहिले पनि आयरिसलाई मान्छे नै गन्दैन । आयरिसमाथिको प्रताडन त्यति नै छ । झण्डै-झण्डै ११ सय वर्ष लडेका हुन् आयरिसहरु । अहिले केही सुविधा पाएका छन् । भनेपछि ती विकसित देशहरुमा पनि समस्या समाधान भएको छैन र त्यहाँ असमानताहरु रहेका छन् ।

विकास हुँदैमा विभेद हट्यो भन्ने होइन । अन्त्य गर्ने हो भने हुन्छ । त्यसका राज्यले यो विभेदलाई अन्त्य गर्छु भन्ने नीति लियो भने मात्र हुन्छ । यसको उदाहरण, सिंगापुरमा तीनवटा जातिको बाहुल्य छ, चाइनिज, मलाड र इन्डियन्स । प्रतिनिधित्व र अंश बराबर दिएपछि त्यो हट्दो रहेछ । पाएन भने हट्दैन । कतिपयले भन्छन् कि यो विषयको कामै छैन । जबसम्म समाज संसारमा समुदायमा विभाजित हुन्छ, त्यो समुदाय रहुञ्जेल अधिकार, पहिचान, राजनीतिक आकांक्षा रहिरहन्छ । नेपालमा आदिवासी जनजाति रहुञ्जेल उनको अधिकार, पहिचान, प्रतिनिधित्व र राजनीतिक आकांक्षा रहिरन्छ । त्यो त समाप्त हुँदैन । दलित, सिल्पी रहुन्जेल तिनको राजनीति, अधिकार र विभेदको अन्त्यको आकांक्षा त रहिरहन्छ नि ।

जबसम्म मधेशी समुदाय रहन्छ तबसम्म उसका प्रतिनिधित्व, पहिचान, आकांक्षाका प्राप्तिको राजनीति त रहिरहन्छ । जबसम्म विभिन्न भाषाभाषीहरु रहन्छन् तबसम्म भाषाको विकास र अवसरको राजनीति रहिरहन्छ । त्यसकारणले यो राजनीति अन्त्य भयो भन्नु गलत हो । जबसम्म यो दुनियाँमा बेग्ला-बेग्लै समुदाय रहन्छ तबसम्म तिनका राजनीति, आकांक्षा र संघर्ष पनि रहिरहन्छ ।

> हाम्रो डा.साबले के पढ्नु भएको हो, केको पीएचडी गर्नुभएको हो, थाहै भएन । त्यत्रो विद्वान मान्छेले अनि त्यसलाई जातिवादी भन्नुहुन्छ । समाजवादको पहिलो आधार नै जातजाति, वर्ग र लिंगका आधारमा रहिरहेका विभेदको अन्त्य हो । दोस्रो, वर्गीय र असमानताको अन्त्य हो । समानतासँगसँगै सामाजिक न्याय हो ।

समाजवादको कुरा हामी गर्छौं । के यो जातीय, लैंगिक, वर्गका आधारमा हुने भेदभाव राखेर त्यो समाजवादी बन्छ त ? बन्दै बन्दैन । जातीय, लैंगिक, वर्गीय विभेदलाई समाप्त नगरिकन समाजवादी बन्दैन । हाम्रो समाजमा अझ भन्ने हो भने जातीय आधारमा विभेद छ । जाति, लैंगिक, वर्गीय आधारमा हुने विभेद र असमानताहरुलाई अन्त्य नगरिकन समाजवाद कसरी हुन्छ ? समाजवादको मूल आधार भनेको समानता हो नि । भेदभाव पनि रहने अनि समानता पनि हुने कहीं दुनियाँमा हुँदैन ।

अनि हाम्रो डा.साबले के पढ्नु भएको हो, केको पीएचडी गर्नुभएको हो, थाहै भएन । त्यत्रो विद्वान मान्छेले अनि त्यसलाई जातिवादी भन्नुहुन्छ । समाजवादको पहिलो आधार नै जातजाति, वर्ग र लिंगका आधारमा रहिरहेका विभेदको अन्त्य हो । दोस्रो, वर्गीय र असमानताको अन्त्य हो । समानतासँगसँगै सामाजिक न्याय हो । सामाजिक न्याय भनेको राज्यमा पहुँचका लागि बिना भेदभाव, सबै भाषाभाषी, जातजाति, समुदाय र लिंगको न्यायोचित वितरण र प्रतिनिधित्व प्रणाली हो । त्यो अवसर प्राप्त सबैले बराबर नगरिकन समानताको कुनै अर्थ रहँदैन ।

राणाकालमा पनि दलित, शिल्पी अछुतै थिए, अहिले गणतन्त्रमा पनि अछुतै रहने, भोलि समाजवादको घोषणा भएपनि अछुतै रहने, त्यस्तो समाजवादको के औचित्य रहन्छ । राणाकालमा पनि महिलाहरु उत्पीडितै भए, अहिले पनि उत्पीडितै छन्, भोलि समाजवाद व्यवस्थामा पनि उत्पीडितै रह्यो भने त्यस्तो समाजवाद किन चाहियो ? हिजो राणाकालभन्दा अगाडिदेखि मधेशी, थारु लगायतका समुदायहरु उत्पीडित थिए, आज पनि उत्पीडित छन् र भोलि पनि समाजवाद आउँदा विभेदमै परिरह्यो भने त्यो कस्तो समाजवाद आउँछ ? त्यसकारणले समाजवादको मूल आधार समानता, सामाजिक न्याय हो । दोस्रो आधार भनेको नागरिक स्वतन्त्रता हो ।

समानता र स्वतन्त्रता बिना समाजवाद हुँदैन । लोकतन्त्रको कुरा गर्ने हो भने विभेदरहित लोकतन्त्र र विभेदसहितको लोकतन्त्र हो । हामीले अहिले लोकतन्त्र, गणतन्त्र पायौं । हामीले बोल्न, लेख्न, चुनाव लड्न, सरकारमा जान, सरकार खसाउन सकिरहका छौं । तर यो त राजनीतिक लोकतन्त्र हो नि । राजनीतिक रुपले हेर्दा लोकतन्त्रको यो एउटा पाटा हो । दोस्रो महत्वपूर्ण दईटा पाटो छ । एउटा सामाजिक पाटो । सामाजिक रुपले विभेदमा परिरहने दलित, महिला लगायतका उपेक्षित जातजातिहरु । त्यो लोकतन्त्रको के अर्थ रहन्छ ?

त्यसकारणले लोकतन्त्र भनेको राजनीतिक साथसाथै सामाजिक पनि हुनुपर्छ । हाम्रो लडाइँ सामाजिक लोकतन्त्र पनि हो । सामाजिक लोकतन्त्रमा सामाजिकरुपले विभेद र असमानतालाई अन्त्य गरेर समानताका आधारमा अवसर र प्रतिनिधित्व हुनुपर्ने प्रणाली लोकतन्त्रकै एउटा पाटो हो । लोकतन्त्रको पक्षमा आर्थिक पनि हुनुपर्छ । अत्यन्त विपन्न वर्ग जीवनका लागि प्राप्त हुने शिक्षा, स्वास्थ्य जस्ता स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारबाट वञ्चित हुन्छन् । बागमतीको खोला किनारमा गन्हाइ-गन्हाइ पनि बस्नुपर्ने, कतिपय गाउँमा खोलाको पानी खानुपर्ने गरिबीका कारणले नै हो । त्यो गरिबी र विपन्नता, शिक्षा र स्वास्थ्यबाट वञ्चित जीवन प्रणालीले त्यो आर्थिक कारणले नै वञ्चित हुनुपर्ने समाज, समाजवाद हुन सक्दैन ।

त्यसकारले हामी भन्छौं कि समाजवादको आधार समानता हो । समानता सामाजिक र आर्थिकरुपले पनि हुनुपर्छ । आर्थिक र सामाजिक न्याय नभइकन समानता हुँदैन । त्यो समानता भएन भने असमानतामा समाजवाद पनि हुँदैन । त्यो समाजवादको अर्थ त्यहीं हुन्छ । त्यस किसिमको समाजवाद कसले खोजिरहेका छन् भन्दाखेरि कम्युनिष्ट पार्टीहरुले । आफ्नो जातको वर्चस्व कायम गर्ने, अरुले खोज्यो भने हुँदैन-हुँदैन, सामुदायिक कुरा हुँदैन भन्ने । त्यसकारणले कम्युनिष्टहरु समाजवादी हुन सक्दैन । किनभने त्यहाँ सामाजिक न्याय र समानताको विपक्षमा उभिएका छन् ।

*(साउन १५ गते संघीय राजधानी काठमाडौंमा आयोजित एक कार्यक्रममा जसपा अध्यक्ष यादवले गर्नुभएको सम्बोधनको सम्पादित अंश ।)*




- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**मधेश प्रदेश, धनुषा, नेपाल**

**इमेल :** malcprovince2@gmail.com


## साइकल खरिद प्रकरण

# यस्तो छ अख्तियारको आरोपपत्र

विषय: आरोपपत्र दायर गरिएको।

प्रदेश नं. २ को मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ कार्यक्रममा अनियमितता भएको, साइकलको कम्पनी नखुलाई साइकल किनी ३ महिनादेखि गोदाममा राखिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय साविक प्रदेश नं. २ हाल मधेश प्रदेश जनकपुरधाम, धनुषाबाट साइकल खरिद प्रकृया सुरु गर्दादेखि भुक्तानी कार्य गर्दासम्म संलग्न देहायका कर्मचारीहरु र साइकल आपूर्तिकर्ताले नेपाल सरकार/प्रदेश सरकारलाई बदनियतपूर्वक हिनामिना एंव हानी नोक्सानी गरेको पुष्टि हुन आएको हुँदा देहायबमोजिमको सजाय र बिगोबमोजिमको जरिवाना गरी बिगो असुल उपर गर्ने मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

देहाय:

(१) प्रदेश सचिव याम प्रसाद भुसालको हकमा : निजलाई बोलपत्र नं. OCMCMS2/NCB/GOODS/077/78–01 बाट लेडिज साइकल खरिद कार्यको लागि अधिकार प्रत्यायोजन गरी निज यस खरिद सम्बन्धी कार्यको प्रमुख जिम्मेवार अधिकारी भएकोमा खरिद कार्यको सुरुवातदेखि सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ र सार्वजनिक खरिद अनुगमन कार्यालय (एएःइ) को निर्देशिका (न्गष्मभष्लिभ) मा भएका प्रावधानको पालना नगरी सम्झौता अनुसार अम्बिका (बदष्पब) ब्राण्डका साइकल आपूर्ति हुनुपर्नेमा सम्झौता विपरीतका ब्राण्ड नखुलेका कमसल तथा गुणस्तरहिन लेडिज साइकलको आपूर्ति स्वीकार गरी भुक्तानीसमेत गरिसकेकोले प्रदेश सरकारलाई रु.१०,३३,००,७५८ । - हानिनोक्सानी गरेको पुष्टि हुन आएको हुँदा निज याम प्रसाद भुसालले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर गरी प्रदेश सरकारलाई गैरकानूनी हानी पु-याएको देखिएकोले निजलाई बिगो रु.१०.३३,००७५८ ।- (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असुल उपर हुन एवं निज प्रदेश सचिव याम प्रसाद भुसालले प्रमाणित गरेको भण्डार दाखिला प्रतिवेदन गलत तवरबाट तयार गरिएको गलत लिखत भएकोले संझौताबमोजिमको साइकल प्राप्त हुनुपर्नेमा ब्राण्ड नखुलेका साइकल स्वीकार गरी गलत स्टोर दाखिला तयार गरी भुक्तानी समेत भएको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसारको थप कसुर समेत गरेको देखिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम समेत कैद सजाय र जरिवाना गर्ने मागदावी लिइएको छ ।

(२) सि.डि.ई. भगवान झाको हकमा : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, जनकपुरधाम धनुषाका तत्कालीन प्रमुख सि.डि.ई. भगवान झा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, साविक प्रदेश नं. २ (हाल मधेश प्रदेश) जनकपुरधाम, धनुषामा खरिद विज्ञको साथसाथै बोलपत्र मुल्यांकन समितिको सदस्यसमेत रही खरिद सम्झौता अनुसार अम्बिका कम्पनी, ब्राण्डको साइकल आपूर्ति हुनु पर्नेमा अम्बिका व्राण्ड भन्दा फरक कम गुणस्तरीय साइकल (कम्पनी/व्राण्ड नखुलेका) स्थानीय फर्मबाट खरिद गरी आपूर्ति गर्दा समेत आपूर्ति भएका साइकलको परीक्षण प्रतिवेदन (क्लकउभअतष्यल च्भउयचत) विनानै ठीक छ भनी सम्पूर्ण साइकलको भुक्तानीको लागि सिफारिस गरी भुक्तानीसमेत भईसकेको पाईएको हुँदा निजको कार्यले प्रदेश सरकारलाई रु.१०,३३,००,७५८ । - हानिनोक्सानी पुगेको पुष्टि हुन आएको हुँदा निज सि.डि.ई भगवान झाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरेको हुँदा निजलाई विगो रु १०,३३,००७५८ । (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असुल उपर हुन एवं निजले आपूर्तिकर्तासँग खरिद सम्झौता गर्दा आफूलाई प्रत्यायोजित नै नभएको अधिकारको प्रयोग गरेको देखिएकोले निजले वदनियतपूर्ण तवरबाट आफूले नपाएको अधिकार पाएँ भनी कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ अनुसार थप कसुरसमेत गरेको पुष्टि हुन आएको हुँदा निज सि.डि.ई. भगवान झालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १५ बमोजिम कैद सजाय र जरिवाना गर्ने मागदावी लिइएको छ ।

(३) सह-लेखापाल राजाराम मण्डलले सम्झौता भन्दा फरक ब्राण्ड नखुलेका साइकल आपूर्ति हुँदा समेत भुक्तानी कार्यमा संलग्न रही गलत मनसायले भुक्तानी दिएकोले निजको कार्यबाट प्रदेश सरकारलाई प्रति साइकल रु.१०.३३,००,७५८ । - हानिनोक्सानी पुगेको पुष्टि हुन आएको हुँदा निज राजाराम मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु.१०,३३,००७५८ । - ( अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ ।

(४) भण्डार/जिन्सी शाखा प्रमुख अधिकृत छैठौं राम स्वार्थ महतो जिन्सी/भण्डार शाखाको प्रमुख भएको तथा तयार गरिएको दाखिला प्रतिवेदनको जाँच गर्ने कार्यमा संलग्न रही गलत लिखत राख्ने कार्य गरेको हुँदा उक्त निजले जाँच गरेको भण्डार दाखिला प्रतिवेदनले प्रदेश सरकारलाई हानी पुयाउने वदनियतसाथ तयार भएको गलत लिखत भएको पाइएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुर भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवाना समेत गर्ने मागदावी लिइएको छ ।

(५) भण्डार शाखाका खरिदार जित मोहन कुमार दासले भण्डार दाखिला प्रतिवेदनमा बदनियतसाथ बोलपत्रमा उल्लेख भएको कम्पनी ब्राण्ड उल्लेख नगरी "लेडिज साइकल' भनी उल्लेख भएकोमा निजले प्रदेश सरकारलाई हानी पुयाउने वदनियतले गलत लिखत तयार गरेको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवानासमेत गर्ने मागदावी लिइएको छ ।

(६) M/S Om Satya Sai Pvt. Ltd. Birgunj, Parsa (ओम सत्य साई प्रा.लि., वीरगंज, पर्सा) र उक्त संस्थाको Managing Director रेनु अग्रवाल Om Satya Sai Pvt. Ltd. को मुख्य शेयरधनी तथा प्रवन्ध निर्देशक (Managing Director) ले खरिद सम्झौता बमोजिम अम्बिका ( Ambika) ब्राण्डको साइकल आपूर्ति गर्नु पर्नेमा ब्राण्ड नखुलेको साइकल आपूर्ति गरी आफूलाई गैरकानुनी लाभ पुयाउने बदनियतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष गरेको सम्झौता, ठेक्का, शर्त पालना नगरेको र निर्धारित शर्त उल्लंघन हुने कार्य गरी प्रदेश सरकारलाई रु.१०,३३,००७५८ । - हानिनोक्सानी गरेको हुँदा फ क्बतथब क्बष एखत. ।तम. र उक्त प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसार कसुर गरेकोले फ क्बतथब क्बष एखत. ।तम. र रेनु अग्रवाललाई बिगो रु.१०.३३,००७५८ । (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को सोही दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय वा बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै बिगोसमेत जफत हुन मागदावी लिइएको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

## विश्व परिवेश

# आईटी कम्पनीमार्फत् जासूसी

शब्द प्रशोधन सफ्टवेयर चयन गर्दा, प्रयोगकर्ताहरूले निर्भरता र गोपनीयताको सुरक्षा खोज्छन् । पछिल्लो जनसम्पर्क संकट पछि चीनमा आधारित किङ्ससफ्टको डब्लूपीएस अर्थात वाइफाई संरक्षित सेटअप कार्यालयका प्रयोगकर्ताहरू दुवै पक्षमा चिन्तित हुनुको कारण छ ।

किङ्ससफ्ट एक चिनियाँ कम्नी हो । रिपोर्टहरूका अनुसार किङ्ससफ्टको व्यापक आलोचना भइरहेको छ। किनभने यसले उत्पादकता डब्लूपीएस कार्यालयमार्फत् बेइजिङलाई अपमान गर्न सक्ने प्रयोगकर्ता सामग्रीलाई आक्रामक रूपमा निगरानी गर्दछ र मेटाउँछ ।

डब्लूपीएस एउटा यस्तो प्लेटफर्म हो जसले माइक्रोसफ्टको व्यापारलाई घटाउँछ र प्रयोगकर्ताहरूलाई **क्लाउडमा** वा स्थानीय रूपमा आफ्ना कागजातहरू बचत गर्न अनुमति दिन्छ । चिनियाँ नेटिजेनहरूले डब्लूपीएस कार्यालयले आफ्ना कागजातहरू आक्रामक रूपमा निगरानी गरिरहेको र चिनियाँ अधिकारीहरूलाई रिस उठाउने जानकारी समावेश भएको फेला परेको मेटाउने दाबी गर्छन् ।

एक लेखक, मितु पेन १.३ मिलियन क्यारेक्टर कागजातमा पहुँच गर्न नसक्ने आफ्नो अप्रकाशित लेखका बताएकी छिन् । यो उनको क्लाउड भण्डारणमा अनुपलब्ध थियो, तर उनले डेस्कटप डब्लूपीएस ग्राहक मार्फत स्थानीय प्रतिलिपि पनि पहुँच गर्न सकेनन् । एमआइटीयुले २०२२ को जुनको अन्त्यमा अनलाइन चिनियाँ साहित्य फोरम, एलकङ र सोसल मिडिया साइट **Xiaohongshu** मा उनको घटनाको बारेमा ब्लग गरेको थियो, तर एक प्रभावकारीले उनको गुनासो दोहोऱ्याएपछि जुलाईको सुरुतिर यो **Weibo** मा ट्रेन्डिङ भएको थिएन ।

लेखकले चीनमा आधारित कम्पनीलाई उनीमाथि जासुसी गरेको र स्थानीय रूपमा सुरक्षित गरिएको सामग्री मेटाएको आरोप लगाई, कथित रूपमा गैरकानूनी सामग्रीका कारण उनी आफ्नो उपन्यासको मस्यौदाबाट बन्द गरिएको दाबी गरे । प्रारम्भिक अस्वीकार पछि, किङ्ससफ्टले चिनियाँ साइबर सुरक्षा कानूनलाई उद्धृत गर्दै र कागजात भित्र सामग्री सेन्सर गर्ने कम्पनीको निर्णयको रक्षा गर्दै अर्को अप्ठ्यारो बयान जारी गरेको थियो ।

यसको सबैभन्दा भर्खरको संचार अनुसार, किङ्ससफ्टका कागजातहरू पहुँच गर्न र संवेदनशील सामग्री हटाउने क्षमता भएको स्वीकार गर्दछ, तर सेन्सरशिप गतिविधिहरूमा कुनै पनि जानकारी प्रदान गर्न अस्वीकार गर्दछ । किङ्ससफ्टले विज्ञप्ति जारी गरेकै दिन २०२३ को अन्त्यसम्ममा आफ्नो डब्लूपीएसको निःशुल्क संस्करणबाट विज्ञापनहरू स्थायी रूपमा हटाउने योजना पनि घोषणा गऱ्यो । विज्ञहरूले किङ्ससफ्टको साहसी कदमलाई जनसम्पर्क संकटको बीचमा प्रयोगकर्ताहरूको विश्वास पुनः प्राप्त गर्नको लागि महत्वपूर्ण कदमको रूपमा हेर्छन् । कम्पनीको असामान्य संकट व्यवस्थापन रणनीतिले सार्वजनिक सम्बन्ध र सरकारी सम्बन्धको बीचमा रहेको किङ्ससफ्टको दुर्दशा प्रकट गऱ्यो ।

१९८९ मा स्थापना भएको डब्लूपीएस कार्यालय, चीनमा माइक्रोसफ्ट कार्यालयको एक व्यवहार्य विकल्पको रूपमा उभिएको छ । डब्लूपीएसले आफ्नो कार्यालय सफ्टवेयरको साथ चीनमा राजनीतिक खतराहरू र विशाल प्रयोगकर्ताबेस नेभिगेट गर्दा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । किङ्ससफ्टले २०२१मा आफ्नो डब्लूपीएसमा १.०४ बिलियन चिनियाँ युआनको नाफा कमाएको थियो । कर्पोरेशनका अनुसार हालको सेन्सरशिप डरले सम्भावित आम्दानीमा अरबौं डलर घटाउन सक्छ ।

यद्यपि, क्षति व्यवस्थापनका लागि किङ्ससफ्टको विकल्पहरू प्रतिबन्धित छन् । कम्पनीको सबैभन्दा भर्खरको कथनले चिनियाँ साइबर सुरक्षा कानूनलाई हाइलाइट गरेको छ जसको अर्थ किङ्ससफ्टसँग चिनियाँ सरकारको सेन्सरशिप दिशानिर्देशहरू स्वीकार गर्नुको विकल्प छैन ।

एकै समयमा, यो महत्वपूर्ण माग सार्वजनिक रूपमा उठाउनु भनेको किङ्ससफ्टका लागि नराम्रो कुरा हो, जसका बारेमा छलफल गर्दा चीनमा कम्पनीको सञ्चालनलाई गम्भीर क्षति पुऱ्याउँछ । प्रयोगकर्ताहरू तिनीहरूको निजी कागजातहरू जाँच र सम्पादन हुनसक्ने सोचबाट आक्रोशित छन् ।

चिनियाँ आईटी कर्पोरेसनहरूमा उपभोक्ताहरूको गोपनीयताको आक्रमण धेरै सामान्य छ। अनुसन्धानकर्ताहरू र मिडिया आउटलेटहरूले पहिले लोकप्रिय इन्टरनेट एप्सहरू जस्तै वीच्याट र टीकटक (चीनमा Douyin भनेर चिनिन्छ) सँग निगरानी र गोपनीयता समस्याहरूको बारेमा चिन्ता उठाएका छन् । र, यी डाटा र गोपनीयता उल्लङ्घन दुवै चिनियाँ सीमा भित्र र बाहिर हुन्छ । संयुक्त राज्य अमेरिका र क्यानडा जस्ता स्थानहरूमा सार्वजनिक संस्थाहरू र व्यक्तिहरूले यी प्रयोगहरूको बारेमा चिन्ता बढाइरहेका छन् ।

चीनमा स्थापना भएका वीच्याट, टीकटक र डब्लूपीएस कार्यलयहरुले राजनीतिक सेन्सरशिप र सूचना खुलासामा संलग्न हुन चिनियाँ सरकारबाट बारम्बार प्रत्यक्ष मागहरूको सामना गर्नुपर्ने हुन्छ । जब टेनसेन्ट, वाइटडान्स र किङ्ससफ्ट जस्ता निगमहरूले विदेशमा आफ्ना कार्यहरू विस्तार गर्छन्, ती राजनीतिक र सरकारी शक्तिहरू जारी रहन्छन् । चीन बाहिर कर्पोरेट संस्थाहरू भएको र अन्य क्षेत्राधिकारहरूमा नयाँ सरोकारवालाहरूसँग गैर-राजनीतिक सम्पर्कहरूमा भाग लिए तापनि चिनियाँ आईटी व्यवसायहरू चिनियाँ कानुन र स्थानीय अधिकार क्षेत्र प्रतिबन्धहरूको अधीनमा छन् ।

चिनियाँ कानूनको पालना गर्ने लडाइँ, तिनीहरू जहाँसुकै भए पनि, विश्वव्यापी बजारमा प्रभुत्व जमाउने उद्देश्यका साथ चिनियाँ उद्यमहरूलाई दिगो नोक्सान गर्ने खतरा हुने चुनौती बन्न पुग्छ ।

चीन र प्रजातान्त्रिक देशहरू बीचको भू-राजनीतिक द्वन्द्वले बढाएको शंकास्पद डाटा र गोपनीयता नीतिहरूको बारेमा चीनको स्वामित्वमा रहेको टीकटक सबैभन्दा लोकप्रिय विश्वव्यापी मोबाइल अनुप्रयोगहरू मध्ये एक हो । टीकटक पहिले २०२० मा ट्रम्प-युग कार्यकारी आदेश प्रतिबन्धबाट बचेको थियो, तर एप अब सिनेट इन्टेलिजेन्स समिति र संयुक्त राज्य अमेरिकाको संघीय सञ्चार आयोगले सुन्ने डरमा अनुसन्धान गरिरहेको छ ।

जबकि निगमले कुनै गलत कामलाई स्पष्ट रूपमा अस्वीकार गरेको छ, बाइटेन्स र अन्य तुलनात्मक प्राविधिक फर्महरूबाट प्रमाणले संयुक्त राज्यमा यसको आर्थिक सम्भावनाहरूको लागि राम्रो संकेत गर्दैन । राजनीतिक र नियामक लडाइँमा फसेका सबै चिनियाँ उद्यमहरूसँग उनीहरूसँग व्यवहार गर्ने थोरै माध्यमहरू छन् ।

–एजेन्सीहरुको सहयोगमा

# साइबर जासुसीको जोखिमले कम्पनी हुवावेमाथि विश्वव्यापी प्रतिबन्ध लाग्दै

चिनियाँ प्रविधि कम्पनी हुवावेले सुरक्षा खतराको चिन्ताका कारण प्रमुख देशहरूमा आफ्नो टेलिकम प्रविधि र उपकरणहरूमा प्रत्यक्ष वा भर्चुअल प्रतिबन्धको सामना गरिरहेको छ । हुवावेका उत्पादनहरूमा गोप्य चुहावट उपकरणहरु भएको र यसरी सूचना चीनले जासुसी उद्देश्यका साथै विदेशी कम्पनीहरूको बौद्धिक सम्पत्ति चोरी गर्न प्रयोग गर्न सक्छ भन्ने खतरा विश्वव्यापी बढेको हो । अमेरिका र केही युरोपेली देशहरूले हुवावेका उपकरणहरूलाई बेइजिङको कम्युनिष्ट सरकारको जासुसीको माध्यमको रूपमा लेबल गरेका छन् ।

केही देशहरूले हुवावे र अर्को चिनियाँ टेक कम्पनी जेडटीईलाई धेरै पहिले प्रतिबन्ध लगाउन थालेको थियो, अब अमेरिकाको नेतृत्वले नै चिनियाँ टेलिकम उपकरण र प्रविधिहरू प्रतिबन्ध गर्न अरूलाई हौसला दिएको छ । हुवावेलाई यसअघि नै पाकिस्तान सरकारबाट संवेदनशील जानकारी चोरेको आरोप लगाइएको थियो ।

२०१८मा अष्ट्रेलियाले बढ्दो राष्ट्रिय सुरक्षा चिन्ताको बीचमा हुवावे छन् र त्यसमा नेटवर्कमा प्रतिबन्ध लगायो । अस्ट्रेलियाका गुप्तचर अधिकारीहरूले बेइजिङले अष्ट्रेलियाको हितविरुद्ध काम गर्न हुवावेलाई प्रयोग गर्न सक्ने आशंका गरेका थिए । यस्तै चिन्ता धेरै देशहरूको पनि छ । सोही वर्ष बेलायतको नेशनल साइबर सेक्युरिटी सेन्टर (एनसीएससी)ले हुवावेबाट उत्पन्न हुने जोखिमबारे चेतावनी दिएको थियो । पछि, युकेको राष्ट्रिय सुरक्षा सल्लाहकारले पनि हुवावे ईन्जिनियरिङ अभ्यास र प्रक्रियाहरूमा महत्वपूर्ण कमीहरू पत्ता लगाए जसले बेलायतमा दीर्घकालीन जोखिम बढाउन सक्थ्यो । २०२०मा यसेले हुवावेको नयाँ उपकरणहरू खरिद गर्न प्रतिबन्ध लगायो र २०२७सम्ममा कम्पनीको गियरहरू पूर्ण रूपमा हटाउने निर्णय गरेको थिषे । हुवावेमा प्रतिबन्ध पछि, तत्कालीन युके डिजिटल सचिव ओलिभर डाउडेनले नेटवर्कहरूबाट उच्च जोखिम विक्रेताहरूलाई पूर्ण रूपमा हटाउनको लागि स्पष्ट मार्ग तय गरेका थिए ।

हुवावेले २०१४देखि अमेरिकामा नाकाबन्दीको सामना गरिरहेको छ । २०१९मा पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी कम्पनीहरूलाई हुवावेको सूचना र सञ्चार प्रविधि प्रयोग गर्न प्रतिबन्ध लगाएका थिए ।

अमेरिकी कंग्रेसनल कमिटीहरू, फेडरल ब्यूरो अफ इन्भेस्टिगेशन एफबीआइएफ र राष्ट्रिय सुरक्षा एजेन्सी (एनएसए) ले हुवावे र चिनियाँ सरकारबीचको घनिष्ठ सम्बन्धमा बारम्बार आपत्ति जनाएका छन्, जसलाई उनीहरूले अमेरिकी व्यवसायहरूका लागि सम्भावित राष्ट्रिय सुरक्षा जोखिम र खतराको रूपमा लिएका छन् । एक कंग्रेस सदस्यले रिपोर्टले चिनियाँ सरकारले हुवाई उपकरणहरू प्रयोग गर्दा जासुसी वा विनाशको सम्भावित जोखिम रहेको सुझाव दिएको छ । अब त झनै अमेरिकी राष्ट्रपति जो बाइडेनले हुवावे र जेडटीईलाई लाइसेन्स पाउनबाट रोक्ने कानुनमा हस्ताक्षर नै गरेका छन् ।

युरोपमा पनि अधिकांश देशले या त हुवावेमाथि प्रतिबन्ध लगाएका छन् वा त्यसको बारेमा विचार गरिरहेका छन् । फ्रान्सले दूरसञ्चार कम्पनीहरूलाई म्याद सकिएपछि सम्झौता नवीकरण नगर्न आग्रह गर्दै सन् २०२७ सम्म हुवावेका उपकरण र प्रविधिलाई चरणबद्ध प्रतिबन्ध गर्ने निर्णय गरेको छ । स्वीडेनका सुरक्षा निकायले सुरक्षा चिन्ताको कारण देखाउँदै हुवावेको सेवा अचानक बन्द गरेको छ । हुवावेले अदालतको कानूनमा निर्णयको विरोध गरेको त छ तर, स्विडेनी अदालतले हुवावेको निवेदन नै खारेज गऱ्यो । अनिश्चित रहेको जर्मनीले अन्ततः लन्डन, वाशिंगटन र पेरिसमा सामेल हुने छनौट गरेपछि चिनियाँ टेक दिग्गज ज्गबधभष् ले ठूलो झट्का पायो । बर्लिनले नयाँ आईटी कानूनहरूमा अविश्वसनीय् आपूर्तिकर्ताहरूको भूमिकालाई प्रतिबन्ध गरेर हुवावेलाई बाहिर निकाली छाड्यो । नेदरल्याण्ड यस विषयमा चिन्तित छ भने क्यानडा र न्युजिल्याण्डले पनि हुवावेलाई पहिल्यै प्रतिबन्ध लगाएका छन् । जापान, ब्राजिल र भारत जस्ता अन्य प्रमुख देशहरूले पनि हुवावेलाई टेन्डरमा भाग लिनबाट प्रतिबन्ध लगाउने विचार गरिरहेका छन् । देशका अलावा एप्पल, गुगल, सफ्टबैंक, फेसबुक जस्ता ठूला कम्पनीले हुवावेसँगको सम्बन्ध तोडिरहेका छन् । हुवावेलाई एप्पलको बौद्धिक सम्पत्ति चोरेको आरोप लगाइएको थियो किनकि यसले स्मार्ट घडीका केही सुविधाहरू कपी गर्न खोजेको थियो । – एजेन्सी

# परियोजनाहरू दक्षिण एसियामा क्रमशः असफल

काठमाडौं । दक्षिण एसियामा चीनको बेल्ट रोड इनिसिएटिभ (बीआरआई) दिनदिनै असफल हुँदै गइरहेको छ । बीआरआईको एक पछि अर्को असफलताबाट बेइजिङले भारत पछि आफ्नो आर्थिक र सैन्य प्रभाव बढाउने योजनालाई अपेक्षित परिणाम दिन सकेको छैन ।

चीनले बंगलादेश, म्यानमार, नेपाल, पाकिस्तान, श्रीलंका र माल्दिभ्स जस्ता देशहरूमा ठूला पूर्वाधार परियोजनाहरूमा लगानी गर्ने वाचा गरेको थियो, जसले बेइजिङलाई क्षेत्रीय राजनीतिमा ठूलो भूमिका दिनुका साथै आफ्नो सैन्य उपस्थितिलाई सावधानीपूर्वक बढाउन मद्दत गर्न सक्थ्यो ।

यद्यपि, चीनको प्रायोजित परियोजनाहरूले ढिलाइ र लागत वृद्धिको सामना गर्नुपरेको छ जबकि धेरै अझै कागजमै सिमित छन् । अहिले श्रीलंकामा चलिरहेको आर्थिक संकट र पाकिस्तानको बिग्रँदै गएको आर्थिक अवस्थाका लागि चिनियाँ लगानीको बाटोलाई जिम्मेवार मानिएको छ । यसले यी देशहरूमा चीनको नेतृत्वमा रहेका परियोजनाहरूको कार्यान्वयनलाई अहिले झनै कठिन बनाउँछ ।

चीनले पूर्वाधार निर्माणको माध्यमबाट विश्वभर आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरिरहेको छ । बीआरआईलाई दक्षिण एसियामा धकेल्दै बेइजिङले आफ्नो व्यापार बढाउनुका साथै भारतलाई टक्कर दिने लक्ष्य राखेको छ । बीआरआई परियोजनाहरूले चीनलाई बंगालको खाडी, हिन्द महासागर र अरब सागरसम्म सहज पहुँच पुऱ्याउन मद्दत गर्नेछ ।

चीन-पाकिस्तान इकोनोमिक करिडोर ( सीपीइसी) को ढिलाइ र अस्थिर लागत वृद्धिको कारण धेरै समस्याहरूले ग्रस्त छ । चिनियाँ ऋणमा धेरै निर्भर रहेको श्रीलंका अत्यावश्यक वस्तुहरू आयात गर्न र विदेशी ऋण फिर्ता गर्न पर्याप्त विदेशी सञ्चितिको अभावमा अभूतपूर्व संकटबाट गुज्रिरहेको छ । हम्बनटोटा बन्दरगाह र मट्टाला राजापाक्षे अन्तर्राष्ट्रिय विमानस्थल जस्ता चिनियाँ निर्मित ठूला परियोजनाहरू आर्थिक रूपमा अव्यवस्थित भएका छन्, जसले श्रीलंकाको समस्या थपिएको छ ।

तसर्थ, कोलम्बो पोर्ट सिटी वा एलिभेटेड एक्सप्रेसवे जस्ता अन्य प्रस्तावित बीआरआई परियोजनाहरूको चर्को विरोध भएको छ ।

नेपालमा पनि चिनियाँ परियोजनाहरु टेक अफ गर्न संघर्ष गरिरहेका छन् । करिब पाँच वर्षअघि बेइजिङले विद्युत परियोजना, रेल र सडक पूर्वाधार र विश्वविद्यालय निर्माण गर्ने वाचा गरेको थियो । तर, यी सबै आयोजना अझै पनि अन्योलमा छन् किनभने नेपाल चिनियाँ ऋणप्रति चिन्तित छ र ऋणको जालमा फस्न सक्छ भन्ने चिन्ता छ । एक वरिष्ठ नेपाली अधिकारीले भने, ‘विवादको मुख्य विषय यसको आर्थिक रूपरेखा र पारदर्शिताको मुद्दा हो ।’

पछिल्लो समय चीनले लगाएको भूमि अतिक्रमण, व्यापार नाकाबन्दीका साथै बेइजिङको जबर्जस्ती कूटनीतिको आशंकाका कारण दुई हिमाली छिमेकीबीचको द्विपक्षीय सम्बन्धमा चिसोपन आएको छ ।

माल्दिभ्समा पनि वेलाना अन्तर्राष्ट्रिय विमानस्थल जस्ता चिनियाँ परियोजनामा ढिलाइ भएको छ । अब माल्दिभ्स सरकारले समयसीमाभित्र आयोजना पूरा गर्न नसकेका ठेकेदारहरूलाई कालोसूचीमा राख्ने योजना बनाएको छ । माल्दिभ्स सरकारले चिनियाँ पूर्वाधार परियोजनाहरूमा कडाइ गरेकोले चासो नदेखाएको देखिन्छ । माल्दिभ्सले चीनलाई कम्तिमा ३.४ बिलियन अमेरिकी डलरको ऋण तिर्न बाँकी छ, जसले यसको बाह्य ऋणमा भारी बोझ राखेको छ । यसले माल्दिभ्सलाई २०२०मा विश्व बैंकको प्रतिवेदनमा ऋण सङ्कटमा वा उच्च जोखिममा रहेको नौ देशहरूमा समावेश गरेको छ।

भारतले ठूलो लगानीको घोषणा गरेसँगै, माल्दिभ्सका राष्ट्रपति इब्राहिम सोलिहले बीआरआई बाट आफूलाई टाढा राख्दै ‘इण्डिया फस्ट’ नीतिको घोषणा गरेका छन् । चीनले पावर प्लान्टदेखि पानीमा यातायात जडानसम्मका धेरै परियोजनाहरू कार्यान्वयन गर्ने वाचा गरेकोले बंगलादेश बीआरईको प्रमुख समर्थकहरूमध्ये एक थियो ।

तर, बंगलादेशले अमेरिकालाई बढी आकर्षक, भरपर्दो र दिगो मञ्चका रूपमा हेर्दा चिनियाँ ऋणमा चासो गुमाएको छ । साथै, बढ्दो चिनियाँ लगानीसँगै धेरै विज्ञहरूले बंगलादेशमा चीनको बढ्दो आर्थिक प्रभावबारे चिन्ता व्यक्त गरेका छन् ।

चिनियाँहरूले स्थानीय मजदुर र सशस्त्र सेनाका अधिकारीहरूलाई उत्पीडन र दुर्व्यवहारको कारण बंगलादेशमा चीनप्रति नकारात्मक भावना बढ्दै गएको छ । यसले बीआरआई परियोजनाहरूलाई गाह्रो बनाउँछ ।

म्यानमारमा बीआरआई परियोजनाहरू चीनका लागि महत्त्वपूर्ण छन् किनभने यसले यसलाई बंगालको खाडीमा सीधा प्रवेश अनुमति दिन्छ । यद्यपि, चीन-म्यानमार आर्थिक करिडोर (सीएमईसी) र क्याउकफ्यु सेज र गहिरो समुद्री बन्दरगाह जस्ता महत्वपूर्ण परियोजनाहरू स्थानीयहरूको विरोध र उच्च ऋण ब्याज दरका कारण सुस्त छन् ।

म्यानमारले चीनको ऋणको जालमा फस्न देश सचेत हुनुपर्ने बताएको छ । ‘चिनियाँ ऋणलाई अहिले व्यापक रूपमा ऋणको जाल भनिन्छ, विशेष गरी चीनले अहिले बीआरआई परियोजनाहरू कार्यान्वयन गरिरहेको छ,’ उनले भने । - एजेन्सी

## जिल्ला समाचार

### ‘रिसोर्ट सञ्चालन अनुमति’ खारेज

रुपन्देही । लुम्बिनी विकास गुरूयोजनाविपरीत रिसोर्टलाई जग्गा दिने निर्णय खारेज गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा लुम्बिनी विकास कोष परिषद्का अध्यक्ष जीवनराम श्रेष्ठको अध्यक्षतामा बसेको परिषद् बैठकले क्याम्पेन ग्राउन्डको जग्गा निजी कम्पनीलाई दिने गत वैशाख १९ गतेको निर्णय खारेज गरेको हो । गुरूयोजनाविपरीत ’क्याम्पेन ग्राउन्ड’ मा ‘संसारा वेलनेस’ नामक कम्पनीलाई लुम्बिनी विकास कोषभित्र रिसोर्ट सञ्चालन गर्न दिइएको अनुमति खारेज गरिएको हो । परिषद वैठकले लुम्बिनीमा पर्यटक सुविधाका लागि विद्युतीय बस संचालन गर्ने निर्णय पनि गरेको छ । बैठकले एक महिनाभित्र विद्युतीय बस सेवा संचालन गर्ने निर्णय गरेको हो । लुम्बिनी जाने पर्यटकहरुलाई सुविधायुक्त र सहज अवलोकनका लागि विद्युतीय बस संचालनको निर्णय गरिएको मन्त्री श्रेष्ठले बताए । विद्युतीय बस संचालनले लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदा अवलोकनका लागि जाने पर्यटकलाई सहज हुन्छ । कोषको परिषद बैठकले लुम्बिनी गुरुयोजनाको काम चालु आर्थिक बर्षभित्र सम्पन्न गर्ने निर्णय पनि गरेको छ । साथै विभिन्न बौद्धस्थललाई समेटेर बनाइने दीर्घकालीन गुरुयोजना निर्माणको प्रारम्भिक खाका दुई महिनाभित्र तयार गरिनेछ ।

### ‘तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिने’

कपिलवस्तु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले बुद्धकालीन कपिलवस्तुको राजधानी तिलौराकोटलाई जतिसक्दो छिटो विश्व सम्पदा सूचीमा सूचीकृत गर्न प्रयास गरिने बताएका छन् । सोमवार तिलौराकोटको अवलोकन गर्न पुगेका मन्त्री श्रेष्ठले तिलौराकोटको सम्वर्धन र संरक्षणका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताएका हुन् । भगवान गौतम बुद्धले बाल्यकाल बिताएको र २५ सय वर्षअघिको गणराज्य तिलौराकोट पुरातात्विक दृष्टिकोणबाट विश्वकै महत्वपूर्ण स्थल भएको मन्त्री श्रेष्ठको भनाइ थियो । तिलौराकोट दरबारलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन जतिसक्दो छिटो आवश्यक प्रकृया पूरा गरिने उनले बताएका थिए । तिलौराकोटसहित बुद्धस्थलमा अझै पनि उत्खनन र अन्वेषणको आवश्यकता रहेको उनले बताए । तिलौराकोट दरबारको समुचित विकास एवं प्रचारप्रसारमा ध्यान दिनुपर्ने बताउँदै उनले यस क्षेत्रको विकासमा स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्य जरुरी रहेको बताए । सो अवसरमा लुम्बिनी विकास कोषको सदस्यसचिव सानुराजा शाक्यले बौद्धकालीन इतिहास र तिलौराकोट दरवार क्षेत्रको उत्खननका बारेमा मन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए । लुम्बिनीलाई ऐतिहासिक, धार्मिक र पुरातात्त्विक क्षेत्रको रूपमा विकास गर्ने सरकारको नीति रहेको मन्त्री श्रेष्ठले जानकारी गराए । बृहत्तर लुम्बिनी क्षेत्रमा पर्ने लुम्बिनी, तिलौराकोट र रामग्रामको एकीकृत विकास गर्नुपर्नेमा उनले जोड दिए । तिलौराकोट इसापूर्व छैटौं शताब्दीमा योजनाबद्ध सहरीकरण भएको शाक्य राज्यको राजधानी हो । भगवान गौतम बुद्धले बाल्यकाल बिताएको तिलौराकोट विश्वभरका बौद्धमार्गीहरूका लागि महत्वपूर्ण स्थल मानिन्छ ।

### मधेश प्रदेशका मुख्यमन्त्रीलाई ज्ञापन

जनकपुरधाम । मिटरब्याजी पीडितहरुले मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई ज्ञापनपत्र बुझाएका छन् । आइतबार मिटर व्याज विरूद्ध संघर्ष समितिको ज्ञापन पत्र बुझदै मुख्यमन्त्री राउतले मिटरव्याजीहरूबाट पीडितहरूको पक्षमा प्रदेश सरकार गम्भीर रहेको उल्लेख गर्दै उनिहरू विरूद्ध कडा कदम चाल्ने आश्वासन दिएका हुन् । मिटर व्याज सरकारको लागि ठुलो चुनौती बन्दै गएको उल्लेख गर्दै राउतले समाजको विकृतिको रूपमा रहेका मिटरव्याजीहरूलाई कानूनको दायरा भित्र ल्याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले भने, “हामी तपाईहरूको समस्या प्रति गम्भीर छौ । प्रहरी प्रशासन प्रदेश मातहत नहुदाँ ठोस कदम चाल्न सकिएको छैन । सम्बन्धित ठाँउहरूमा आवाज उठाउँदै आएको छु । चाँडै समस्या समाधानको बाटो पहिल्याइन्छ, ढुक्क हुनुस् ।’ संघर्ष समितिका संयोजक मनोज कुमार पासमान नेतृत्वमा मुख्यमन्त्री निवास मधेश भवन पुगेका पीडितहरूले ७ बुँदे माग सहितको ज्ञापन पत्र मुख्यमन्त्री राउतलाई बुझाएका थिए ।

### प्रदेश प्रहरी अस्पताल शाखा उद्घाटन

कैलाली । प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले धनगढी उपमहानगरपालिका-३ स्थित नेपाल प्रहरी स्कुलको हाताभित्र सदूरपश्चिम प्रदेश प्रहरी अस्पताल शाखाको सोमबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गरेका छन् । साथै सोही अवसरमा प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरी स्कुलको हाताभित्र वृक्षरोपण समेत गरेका हुन् । कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले अस्पताललाई सञ्चालन गर्ने विन्दुसम्म ल्याउने कार्यमा महत्वपूर्ण योगदान दिनेहरूलाई धन्यवाद ज्ञापन गर्दै अस्पतालले सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउँदै नेपाल प्रहरीको जनमूखी कार्यलाई निरन्तरता दिएको उल्लेख गरे । प्रहरी महानिरीक्षक सिंहले अस्पतालले प्रदेश अन्तर्गत विभिन्न जिल्लाहरूमा प्रहरी कर्मचारीहरू स्वास्थ्य उपचारकै लागि उपत्यका नै पुग्नुपर्ने वाध्यात्मक परिस्थितीको अन्त्य गर्दै सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गरिदिएको र यसले समग्र प्रहरी काम कारबाहीमा थप चुस्तता र प्रभावकारिता ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गरेका थिए । अस्पतालमा आउने सेवाग्राहीप्रति सभ्य बोली, असल व्यवहार र उचित परामर्श गर्नतर्फ अस्पताल परिवारलाई विशेष सजकता अपनाउन निर्देशन दिँदै प्रहरी महानिरीक्षक सिंहले चिकित्सकीय क्षेत्रका आधुनिक प्रविधि र विकासलाई आत्मसात गर्दै अस्पतालको स्तरोन्नती र विकास संगठनको प्राथमिकतामा रहेको बताए । नेपाल प्रहरी अस्पताल महाराजगंजका प्रमुख प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा.आशा सिंहले स्वागत मन्तव्य व्यक्त गरेको उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक मोहन कुमार आचार्यले धन्यवाद ज्ञापन गरेका थिए । उक्त कार्यक्रममा धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाल, कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी किरण थापा, गेटा मेडिकल कलेजका निर्देशक डा. प्रमोद जोशी लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, जनप्रतिनिधिहरू, संचारकर्मी, समाजसेवी लगायतको उपस्थित रहेको थियो ।

### समावेशी ढाँचा शिक्षक तालिम सम्पन्न

जनकपुरधाम । युनिसेफले हालै प्रकाशित गरेको प्रतिबेदान अनुसार विश्वको जनसंख्याको २४० मिलियन भन्दा बढी बालबालिकामा कुनै न कुनै प्रकारको अपांगता रहेको देखाएको छ र जसको ८० प्रतिशतभन्दा बढी विकासोन्मुख देशमा रहेका छन् । २५ प्रतिशतभन्दा बढी बालबालिका विद्यालय शिक्षासम्मको पहुँचमै छैन । साथै भएका मध्य पनि ४१ प्रतिशतले शिक्षामा विभेदको अनुभव गरेका छन् र ५१ प्रतिशत भन्दा बढी बालबालिकाले शिक्षामा समावेशी नभएको धारणा राखेको तथ्य समेत सार्वजनिक गरेको छ । उपरोक्त तथ्यको मुख्य कारण भनेको शिक्षामा समावेशीकरण नहुनु र विद्यालय शिक्षा अपांगता मैत्री नभएको शिक्षामा धारणागत, भौतिक र संस्थागत अवरोध रहेको जनगुनासो सर्वत्र सुन्नमा आउँछ । अपांगता असक्षमता होइन र सबै बालबालिकाले सिक्न सक्दछन् तर शिक्षामा रहेका अबरोध हटाउने र अवसरको सिर्जना गर्ने कुरा महत्वपूर्ण पक्ष हो । सिकाईको समावेशी ढाँचालाई व्यवहारमा उतार्न सके ८० प्रतिशतभन्दा बढी बालबालिकाले एउटै कक्षाकोठा भित्रको वातावरणमा समानस्तरको सिकाइ उपलब्धि हासिल गर्न सक्दछन् भन्ने तथ्य पनि विभिन्न प्रतिवेदनले औल्याएको छ । सिकाईको समावेशी ढाँचाको अवधारणा, रणनीति, विधि, प्रक्रिया र प्रविधि समेतलाई समेटर मधेश प्रदेशको जनकपुरधामस्थित अन्नपूर्ण होटल, जिरोमाईल, धनुषा जिल्ला र श्री दुर्गा मा.वि., मनरा सिसवा नगरपालिका-१, महोत्तरी जिल्लामा सिकाइको समावेशी ढाँचासम्बन्धी ३ दिने शिक्षक तालिम साउन १३ देखि १५ गतेसम्म सम्पन्न भएको छ । यसैगरी साउन ६ देखि ८ गते २०७९ मा नेपाल भारत लोज, मलंगवा, सर्लाही र बारा जिल्लाको गंगापुरस्थित शिक्षा तालिम केन्द्रमा जेष्ठ ३१ देखि अषाढ २ गते २०७९ मा सिकाइको समावेशी ढाँचा सम्बन्धी ३ दिने शिक्षक तालिमहरु सम्पन्न भएको छ । विश्व शिक्षा नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा र शिक्षा तालिम केन्द्र, बाराको साझेदारीमा प्रेरणा संस्थाद्वारा आयोजना गरिएको तालिममा मधेश प्रदेशका महोत्तरी, धनुषा, सर्लाही र रौतहट जिल्लाका ५० ओटा सामुदायिक विद्यालयहरुका प्रारम्भिक कक्षामा अध्यापन गर्ने शिक्षकहरुलाई तालिम प्रदान गरिएको हो ।

# ऊर्जामन्त्री र भारतीय राजदूतबीच भेट



काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गरेका छन् । मन्त्रालयमा आज भएको भेटमा उनीहरूबीच ऊर्जा व्यापार एवं बाढी नियन्त्रणका विषयमा छलफल भएको छ ।

सो अवसरमा मन्त्री भुसालले भारी वर्षासँगै सप्तकोसीमा आएको बाढीका कारण एक हजार घर विस्थापित भएको बताउँदै दुवैतर्फको संयन्त्रले सक्रियतापूर्वक समस्याको समाधान गर्नुपर्नेमा जोड दिइन् । उनले नेपाल-भारतबीचमा भइरहेको ऊर्जा व्यापारलाई थप विस्तार गर्दै लैजानका लागि आपसी सहकार्य सक्रिय बनाउनुपर्ने बताइन् ।

नेपाल र भारतबीच सम्झौता भएका आयोजनाको कार्यान्वयनलाई प्रभावकारी तुल्याउनका लागि दुवै पक्षले पहल गरेर नतिजा दिन ढिला गर्न नहुने उल्लेख गर्दै मन्त्री भुसालले आगामी दिनमा आयोजना निर्माणका लागि द्विपक्षीय तयारीलाई तीव्रता दिनुपर्नेमा जोड दिइन् ।

सो अवसरमा नेपालका लागि भारतका राजदूत श्रीवास्तवले आफूले भारतका जलविद्युत् तथा सिँचाइसँग सम्बन्धित सरकारी तथा निजी क्षेत्रसँग निरन्तर छलफल गरिरहेको जानकारी गराउँदै आगामी दिनमा दुई देशबीच सहमति भएका आयोजनाको कार्यान्वयनलाई प्रभावकारी तवरले अगाडि बढाउन पहल गर्ने विश्वास दिलाए । उनले दुई देशबीच हुँदै आएको ऊर्जा व्यापारलाई थप विस्तार गरी आपसी लाभ लिने विषयमा भारत तयार रहेको बताए ।

# तनहुँमा निर्मित विद्यालय भवनको उद्घाटन



तनहुँ । भारत सरकारको अनुदान सहयोगमा बनेको तनहुँ जिल्लाको घिरिङ गाँउपालिकामा अवस्थित श्री दिपक माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । भारतीय राजदूतावासका प्रथम सचिव डा. साहिल कुमार र जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले भारत सरकारको अनुदान सहयोगमा बनेको उक्त विद्यालय भवनको आज उद्घाटन गरेका हुन् ।

भारत-नेपाल विकास सहकार्य कार्यक्रमअन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा २ करोड १ लाख ९० हजारको लागतमा सामुदायिक विकास परियोजनाको रुपमा उक्त भवनको निर्माण भएको नेपालस्थित् भारतीय दूतावासले जनाएको छ ।

उक्त परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको 'आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ परियोजनाहरु मध्येको एक भएको पनि दूतावासले जनाएको छ ।

सन् १९७५ मा प्राथमिक विद्यालयको रुपमा स्थापना भएको उक्त विद्यालय सन् २००० मा माध्यमिक विद्यालयको रुपमा स्तरोन्नत भएको हो । उक्त विद्यालयमा १८० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । जसमध्ये ६० प्रतिशत छात्रा छन् ।

सन् २००३ यता भारतले नेपालमा ५२७ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेकोमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटि, सरसफाई र अन्य सार्वजनिक सुविधाका क्षेत्रमा नेपालका सातै वटा प्रदेशमा ४७० वटा परियोजना सम्पन्न भइसकेका छन् । तीमध्ये तनहुँ जिल्लाका ६ गरी गण्डकी प्रदेशमा ५७ वटा रहेको पनि भारतीय दूतावासले जनाएको छ ।

# भारतको सहयोगमा नुवाकोटमा नवनिर्मित विद्यालय भवन उद्घाटन



काठमाडौं । नुवाकोट जिल्लाको विदुर नगरपालिकामा भारत सरकारको अनुदान सहयोगमा नवनिर्मित विद्यालय भवन उद्घाटन भएको छ ।

भारतीय राजदूतावासका द्वितीय सचिव प्रशान्त कुमार सोना र जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख राजिन्द्र विक्रम सिंह ठकुरीले भारत सरकारको अनुदान सहयोगमा विदुर नगरपालिकामा अवस्थित श्री त्रिभुवन त्रिशुली माध्यमिक विद्यालयका लागि निर्मित विद्यालय भवनको मंगलबार संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

उद्घाटन पश्चात जिल्ला समन्वय समितिले विदुर नगरपालिकालाई सो भवनको स्वामित्व हस्तान्तरण गरिएको छ ।

कार्यक्रममा विदुर नगरपालिकका मेयर राजन श्रेष्ठ, राजनीतिक दलका नेता, शिक्षाविद्, सरकारी अधिकारी र नागरिक समाजका प्रतिनिधिको उपस्थिति थियो ।

भारत-नेपाल विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु.२ करोड ५० लाखको लागतमा सामुदायिक विकास परियोजनाको रुपमा यस भवनको निर्माण भएको हो ।

यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ परियोजनाहरु मध्येको एक हो ।

यस विद्यालयको स्थापना सन् १९५१ मा भएको हो । त्रिशुली जलविद्युत परियोजनाका लागि आएका भारतीय इन्जिनियर श्री के.आई सिंहले यस विद्यालयको डिजाइन गरेका हुन् । यस विद्यालयमा १३४३ भन्दा बढी विद्यार्थी अध्ययनरत छन् जसमध्ये ६० प्रतिशत छात्रा छन् ।

भारत सरकारको सहयोगमा भएको यस नयाँ संरचनाको निर्माणले विद्यार्थीहरुलाई राम्रो शैक्षिक वातावरण प्रदान गर्नेछ । यो परियोजनाले भारत र नेपालबीच लामो समयदेखि रहीआएको सहकार्यलाई प्रतिबिम्बित गर्दछ ।

सन् २००३ यता भारतले नेपालमा ५२७ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेकोमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटि, सरसफाई र अन्य सार्वजनिक सुविधाका क्षेत्रमा नेपालका सातै वटा प्रदेशमा ४७० वटा परियोजना सम्पन्न भइसकेका छन् । ती मध्ये नुवाकोट जिल्लाका ७ गरी बागमती प्रदेशमा १०३ वटा रहेका छन् ।

भारत र नेपालबीच बहुपक्षीय एवम् बहुपक्षिय विकास साझेदारी रहेको छ जसले दुई देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ । यस विद्यालय परियोजनाको कार्यान्वयनले शिक्षा लगायत प्राथमिकताका क्षेत्रमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले पु¥याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

## आर्थिक समाचार

### नयाँ क्यासब्याक अफर अध्यावधिक

काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित "आइएमई डिजिटल सोलुसन लिमिटेड"को "आइएमई पे" ले मोबाईल रिचार्जमा नयाँ अफर अध्यावधिक गरिएको छ ।

डिजिटल भुक्तानीको लागि मुख्य रोजाईमा पर्दै आएको आइएमई पे एपले दैनिक उपभोग्य सेवाहरूको भुक्तानीको साथै अन्य सम्पूर्ण किसिमको भुक्तानी तथा पैसाको लेनदेन सरल बनाउँदै आएको छ । यसै सेवामा थप प्रवर्दन गर्ने मुख्य उद्देश्यका साथ आइएमई पेले मोबाईल रिचार्जमा थप २% क्यासब्याकको अफर ल्याएको छ ।

आइएमई पे एपमा दर्ता भएको आफ्नै मोबाईल नम्बरमा टप-अप गर्दा ५% क्यासब्याक पाउने सुविधा थियो । यस अफरको साथ अब सेवाग्राहीहरुले आइएमई पे एपबाट कुनै पनि मोबाईल नम्बरमा टप-अप गर्दा २% क्यासब्याक पनि पाउनेछन् ।

यस क्यासब्याक अफरलाई अझ रमणिय बनाउन कम्पनीले एक जना भाग्यशाली बिजेतालाई यस अभियानको पहिलो महिनामा "वान प्लस टेन प्रो" स्मार्टफोन पनि उपलब्ध गराउने बताएका छन् ।

सोको निम्ती सेवाग्राहीले महिना भरी कम्तीमा रू. ५० को १० टप-अप गर्नु पर्ने नियम तथा सर्त कम्पनीले प्रस्टाएका छन् ।

### बिजनेस एक्सिलेन्स कन्फ्रेन्स सम्पन्न

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले तीन दिवसीय बिजनेस एक्सिलेन्स कन्फ्रेन्स चितवनको सौराहामा सम्पन्न गरेको छ । साउन १३ गतेदेखि १५ गतेसम्म 'अ बाउन्स ब्याक इयर ७९/८०' नाराका साथ सम्मेलन आयोजना गरिएको थियो । उक्त सम्मेलनमा देशभरिबाट सेल्स तथा मार्केटिंगमा कार्यरत् २३० भन्दा बढी कर्मचारीहरुको सहभागिता रहेको थियो ।

संचालक विमल प्रसाद ढकालले मानसमा दीप प्रज्वलन गरी सम्मेलनको समुद्घाटन गर्दै कर्मचारीहरुले आम नागरिकहरुको आशा र विश्वास जितेर काम गर्न सुझाव दिएका थिए ।

कम्पनीका अध्यक्ष गोविन्द लाल संघईले कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै कर्मचारीहरुलाई गत आ.ब. को कार्यसम्पादनको लागि धन्यवाद र चालु आ.ब. को व्यापार लक्ष्य पुरा गर्न शुरुबाट नै दत्तचित्त भई कार्य गर्न आव्हान गरे ।

सम्मेलनमा प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले गएको आर्थिक वर्षको व्यपार समीक्षा गर्दै चालु आर्थिक वर्ष २०७९/८० मा सेल्स रणनीतिका बारेमा सम्मलेनमा जानकारी गराएका थिए ।

हाल कार्यरत जोन प्रमुखहरु, क्षेत्रीय प्रमुखहरु लगायत प्रधान कार्यालयका विभागीय प्रमुखहरुले सम्मेलनमा आ-आफ्नो प्रतिवेदनहरु प्रस्तुत गरेका थिए । सम्मेलनमा मोटिभेसनल स्पीकरद्वारा क्षमता अभिबृद्धि एवं सेल्स कौशलताका सम्बन्धमा प्रशिक्षण समेत गराइएको थियो ।

सम्मेलनको अन्त्यमा, कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुली, नेशनल सेल्स हेड उमापति पोखरेल लगायत उच्च व्यवस्थापकहरुबाट सवै सहभागीहरुलाई प्रमाण पत्र साथै आर्थिक वर्ष २०७८/७९ मा उत्कृष्ट व्यवसाय गर्ने कर्मचारीहरु र शाखा एवं उपशाखाहरुलाई विभिन्न २१ विधामा सम्मान तथा अवार्ड प्रदान गरिएको थियो ।

## मुख्यमन्त्री...

साइकल खरिद गरेर वितरण गरिएको थियो । १७ हजार साइकल खरिद गर्दा तोकिएको ब्रान्डलाई छाडेर ब्रान्ड नै नखुलेको साइकल खरिद गरिएको र १० हजार साइकल खरिद गर्दा योग्यता नपुगेको कम्पनी छनोट गरिएको अख्तियारको आरोप पत्रमा उल्लेख छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका १० जना कर्मचारीविरुद्ध १० करोड ३३ लाख रुपैयाँ बिगो कायम गर्दै भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मुख्यमन्त्री लालबाबु राउतको नाममा सञ्चालन गरिएको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम अन्तर्गत २७ हजार थान साइकल खरिद प्रकरणमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तत्कालीन प्रदेश सचिव यमप्रसाद भुसाल, सीडीई भगवान झा, उपसचिव दिलिप प्रधान र सहलेखापाल राजाराम मण्डलविरुद्ध १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ । कमसल खालको १७ हजार साइकल बुझेको तथा भुक्तानी गरेको भन्दै ती ३ जनाविरुद्ध मुद्दा दायर गरिएको हो ।

मुद्दामा गलत लिखतमा दाबी लिएको भन्दै भण्डार शाखाका जिन्सी शाखा प्रमुख अधिकृत छैठौं रामस्वार्थ मण्डल र भण्डार शाखाका खरिदार जीत मोहनकुमार दासविरुद्ध पनि १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो कायम गरी मुद्दा दर्ता गरिएको छ । सोही मुद्दामा साइकल आपूर्ति गर्ने कम्पनी ओम सत्यसाई प्रालि वीरगञ्ज पर्सा नामक आपूर्ति कम्पनी र कम्पनीका म्यानेजिङ डाइरेक्टर रेणु अग्रवालविरुद्ध पनि १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दर्ता गरिएको छ ।

मूल्यांकन समितिमा बसेर गलत लिखत प्रतिवेदन दिएको भन्दै ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरिएको छ । उपसचिव दिलिप प्रधान, सीडीई भगवान झा, शाखा अधिकृत सुरेन्द्रकुमार कर्ण र सहलेखापाल राजाराम मण्डलविरुद्ध मुद्दा दर्ता गरिएको छ । ती चारै जनाले दोस्रो पटक १० हजार थान साइकल खरिद गर्न नपाउने फर्मलाई मापदण्ड पुगेको भन्दै गलत लिखत प्रतिवेदन तयार गरेको आरोपमा मुद्दा दर्ता गरिएको छ ।

मधेश प्रदेश सरकारले कार्यक्रमअन्तर्गत २ चरणमा गरी २७ हजार साइकल खरिद गरेर वितरण गरेको थियो । त्यसक्रममा १ चरणमा १० र अर्को चरणमा १७ हजार साइकल खरिद गरेर वितरण गरिएको थियो ।

१७ हजार साइकल खरिद गर्दा तोकिएको ब्रान्डलाई छाडेर ब्रान्ड नै नखुलेको साइकल खरिद गरिएको र १० हजार साइकल खरिद गर्दा योग्यता नपुगेको कम्पनी छनोट गरिएको अख्तियारको आरोप पत्रमा उल्लेख छ ।

मुख्यमन्त्री आफैले साइकल बाँडेको विषयमा प्रश्न चिन्ह उठ्दा उनले प्रष्टिकरण वा जवाफ दिनु पर्ने थियो । सप्रमाण नै अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गराउँदा यसको सम्पूर्ण जिम्मेवारीबाट पन्छिन मिल्दैन । केही कर्मचारीलाई मात्र विपक्षी बनाएर मुख्यमन्त्रीलाई उन्मुक्ति दिइएको सर्वत्र चर्चा छ । यसको मुख्य दोषी मुख्यमन्त्री होइनन् भने यसका बारे अहिलेसम्म किन मुख खोलेनन् भन्ने आम चासो छ ।

## मधेशको...

बताए । अन्सारीले मदरसामा पढेकालाई क्याम्पस भर्ना हुन र जागिर पाउन समस्या रहेको भन्दै मदरसा शिक्षालाई आधुनिकीकरण गर्दै सरकारी मान्यता दिनुपर्ने धारणा राखे ।

त्यसैगरी लेखिका एवं महिला अधिकारकर्मी रीता साहले मधेशमा महिला, दलित र मुस्लिम समुदायको साक्षरता दर एकदमै कम रहेको बताए । उनले मधेश प्रदेशले प्राविधिक शिक्षाको व्यवस्था गर्नुका साथै बेटी पढाउ, बेढी बचाउ अभियान सञ्चालन गरेपनि कार्यान्वयन पक्ष फितलो रहेको बताए । यस्तै अनुसन्धानकर्ता डा. सोहन साहले मधेश प्रदेशको शिक्षाको स्तर सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशको हाराहारीमा रहेको बताए । मधेश आन्दोलनपछि मधेशमा शिक्षाको अवस्था झनै खराब भएको बताउँदै उनले मधेश प्रदेशमा रहेका त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरुको अवस्था दर्दनाक रहेको जनाए ।

दलित अभियन्ता संजय पासीले मधेशमा शिक्षाको अवस्था नाजुक हुनुपछाडिका दोषी राज्यका साथै समाज पनि रहेको बताए । मधेशका गाउँमा समुदाय र जातिको आधारमा शिक्षाको अवस्था फरक रहेको उनको भनाइ छ । उनले शिक्षामा जातपात र छुवाछुतजस्ता भेद्भावले नराम्रो प्रभाव पारेको बताए ।

दलित अधिकारकर्मी रामसुफल सदायले विद्यालयभन्दा धेरै बालबालिका बाहिर रहेपनि त्यसबारे प्रदेश सरकार र केन्द्र सरकार बेखबर रहेको बताए । विद्यालयभन्दा बाहिर रहेका बालबालिकामध्ये अधिकांश दलित समुदायका रहेको भन्दै उनले सांस्कृतिक सोच, जीवन शैली र आर्थिक अवस्थाका कारण बालबालिका विद्यालयबाहिर रहेको तर्क गरे । सदायले बालबालिकालाई शिक्षित गर्नुभन्दा पहिले अभिभावकलाई शिक्षित गर्नुपर्ने धारणा राखे ।

मधेशी एकता समाजका संस्थापक डा. रविन्द्र कुमार यादवले मधेशमा शिक्षाको खस्कदो अवस्था सुधार्न सामाजिक स्तरमा मधेशीहरु एकजुट भएर लाग्नुपर्ने बताए ।


## विज्ञापन आचारसंहिताको पालना गरौं ।

– विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ ।

– विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागू हुन्छ ।

– विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं । विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं